# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० अंक २५४ | काठमाडौं | शनिबार, २८ पुस २०८० | Prabhab National Daily | Saturday, January 13, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## मेलम्चीको पानी तीन दिनपछि काठमाडौं आउने

**काठमाडौं (प्रस)**- बाढी, पहिरोका कारण क्षति भएर अवरुद्ध बनेको मेलम्ची खानेपानी आयोजनाको पानी अबको तीन दिनमा काठमाडौं आउने भएको छ । अवरुद्ध भएको ठाउँमा मर्मत गरेपछि मेलम्चीको पानी बुधबार साँझदेखि पुनःकाठमाडौंमा पथान्तरण गरिएको छ ।

यही पुस ३ गते मेलम्ची खानेपानी विकास समिति र निर्माण व्यवसायी सिनो हाइड्रोबीच २८ दिनमा मेलम्चीको पानी काठमाडौं ल्याउने सहमति भएअनुसार बुधबार साँझदेखि काठमाडौंका लागि पानी पथान्तरण गरिएको मेलम्ची खानेपानी विकास समितिका सिनियर डिभिजनल इञ्जिनियर पदमबहादुर कुँवरले जानकारी दिए ।

उनले शुक्रबार भने, 'निर्माण व्यवसायीको माग सम्बोधन गरेर मेलम्चीको पानी काठमाडौं पथान्तरण गरिएको छ, २७ किलोमिटर लामो सुरुङमा आधाजति पानी रहेकाले अबको चार दिनमा मेलम्ची खोलाको पानी काठमाडौंको सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रमा पुग्ने छ ।' करिब २८ दिनको कार्ययोजनासहित पानी पथान्तरणको काम सुरु गरिएको भए पनि २१ दिनमा हेलम्बुदेखि सुन्दरीजल पानी पथान्तरण गरिएको उनले बताए ।

(क्रमशः पृष्ठ २ मा)

# राजतन्त्रवादीको चियापानमा गणतन्त्रवादीको लर्को

## व्यवस्था बदल्न चर्को आन्दोलन गर्ने राप्रपा अध्यक्ष लिङ्देनको चेतावनी

- चियापानमा प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवादेखि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसम्म हल बाँधेर पुगे
- सत्ता जोगाउन राप्रपासँग आफूलाई गणतन्त्रको मसिह मान्ने माओवादी केन्द्रले बागमती र कोशी प्रदेशमा सभामुख पद थमाएको छ । त्यही सभामुख पदकै कारण अहिले राप्रपामा कलह सिर्जना भएको अवस्था छ ।
- राप्रपाका पदाधिकारीलाई तनाव भएको अवस्थामा अध्यक्ष राजेन्द्र लिङ्देनले शुक्रबार कटुतापूर्ण शैलीमा यस प्रकरणको बचाउ गरेका छन् ।







> माघ महिनाभरि तयारी गर्छौं, फागुनदेखि राजधानी केन्द्रित आन्दोलन गर्छौं । आन्दोलन शान्तिपूर्ण अहिंसात्मक रूपले जनदबाब सिर्जना गर्ने ढंगले हुने छ । सरकारले दमन गऱ्यो भने त्यो भड्किन सक्छ ।
>
> **राजेन्द्र लिङ्देन**
> अध्यक्ष, राप्रपा

> एकता दिवस भनेर राष्ट्रिय प्रजातन्त्र पार्टीले जुन कार्यक्रम गरेको छ, त्यसका लागि उहाँहरूलाई धन्यवाद छ । यो राम्रो काम गर्नुभएको छ ।
>
> **केपी शर्मा ओली**
> अध्यक्ष, नेकपा एमाले

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** शुक्रबार राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले काठमाडौंको भृकुटीमण्डपमा चियापान समारोह आयोजना गऱ्यो । पृथ्वीनारायण शाहको ३०२औं जन्मजयन्तीको अवसरमा राजसंस्थाको पक्षमा जोडका साथ आवाज उठाउँदै आएको राप्रपाले आयोजना गरेको चियापानमा गणतन्त्रवादीको पनि लर्को लाग्यो ।

चियापानमा प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, प्रमुख दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवादेखि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसम्म हल बाँधेर पुगेका थिए । त्यसैगरी सभामुख देवराज घिमिरेदेखि राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने पनि कार्यक्रममा पुगे । हुन त सत्ता जोगाउन राप्रपासँग आफूलाई गणतन्त्रको मसिह मान्ने माओवादी केन्द्रले बागमती र कोशी प्रदेशमा सभामुख पद थमाएको छ । त्यही सभामुख पद लिएकै कारण अहिले राप्रपामा कलह सिर्जना भएको अवस्था छ ।

सभामुखबारे के बोल्ने ? राप्रपाका पदाधिकारीलाई तनाव भएको अवस्थामा अध्यक्ष राजेन्द्र लिङ्देनले शुक्रबार कटुतापूर्ण शैलीमा यस प्रकरणको बचाउ गरेका छन् । 'सभामुखमा हामी कोशीमा मात्रै सहभागी भएको होइन । योभन्दा अगाडि नै बागमतीमा पनि छ हाम्रो सहभागिता । लुम्बिनी प्रदेशमा उपसभामुखको रूपमा हाम्रो सहभागिता छ । यो नौलो कुरा होइन,' लिङ्देनले भने, 'तर अहिले परिवर्तित सन्दर्भमा कोशी प्रदेशमा सभामुख पदमा हामी जाने कि नजाने भन्ने कुरा छलफलकै विषय थियो । हतार गर्नुहुन्न भन्ने हामी सबैको सहमति थियो । म देशबाहिर भएको बेलामा हाम्रो कोशी प्रदेशका साथीहरूले निर्णय गरेर सहभागी हुनुभयो । त्यस विषयमा विभिन्न मतहरू छन् ।'

(क्रमशः पृष्ठ २ मा)

# कोरोना अध्ययनले बन्यो अन्तर्राष्ट्रिय पहिचान

■ **शरद् शर्मा**

**काठमाडौं-** समस्याको समाधान पहिल्याउन गरिने अनुसन्धानले नयाँ ज्ञानको विकास गर्नुको साथै संस्थागत पहिचान गराउन पनि मद्दत गर्दछ भन्ने उदाहरण नेपाल स्वास्थ्य अनुसन्धान परिषद् बनेको छ । विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणको अनुसन्धानले परिषद्लाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन सफल भएको छ ।

कोरोना महामारी फैलिरहेको परिषद्ले कोभिड-१९ सँग सम्बन्धित विभिन्न अध्ययन अनुसन्धान गरेको छ । परिषद्ले कोभिड-१९ का मात्र दुई हजार ५०० भन्दा बढी जेनेटिक (अनुवांशिक) अध्ययन नमूनाको परीक्षण गरिसकेको छ । परिषद्का कार्यकारी प्रमुख डा. प्रदीप ज्ञवालीले कोभिड-१९ को औषधिसँग सम्बन्धित ट्रायल, नेपालमा नै पहिलोपटक कोभिड-१९ को आणुवांशिक अध्ययन (जेनेटिक अध्ययन), खोपको तेस्रो तहको अध्ययनजस्ता कामले परिषद्लाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन सफल भएको बताए । उनका अनुसार परिषद्ले कोभिड-१९ महामारीका समयमा आइसोलेसन, क्वारेन्टिन, प्रयोगशाला र कोभिड-१९ को उपचार गर्न अस्पतालका अवस्था, कोरोना भाइरसको कुन तहमा फैलिएको, फेसमास्क प्रयोगको अध्ययनलगायतका ४० भन्दा बढी अध्ययन गरेको छ ।

बिरामीलाई कोरोना रोकथाम र नियन्त्रण गर्न औषधि दिइरहेको बेला अस्पताल गएर गरिने अध्ययन पनि परिषद्ले गरेको छ । उनले कोरोना बेला औषधि र खोपको परीक्षण गर्दा अस्पताल तथा जनतासँग कसरी सम्बन्ध स्थापित गरी काम गर्न सकिन्छ भन्ने बुझ्न सकिएको बताए । परिषद्ले कोरोना भाइरस संक्रमणको उपचारमा प्रयोग गरिएको रेम्डिसिभिर, एस्पिरिन, कोलचिसाइन र कोर्टीकास्टराइड गरी चार प्रकारका औषधिको क्लिनिकल ट्रायल गरिएको थियो । 'खोप ट्रायल कसरी गर्ने, थर्ड फेजको ट्रायल गर्दा सहभागिताका अधिकार सुरक्षा गर्नेजस्ता धेरै कुराहरू सिक्ने र सिकाउने मौका पायौं,' उनले भने ।



नेपाल स्वास्थ्य अनुसन्धान परिषद्

> परिषद्ले ५७ वटा संस्थालाई स्वास्थ्यसँग सम्बन्धित आचारसंहिता पालनासँग सम्बन्धित समितिलाई अनुमति दिएको छ । सोअनुसार संस्थागत अनुसन्धानलाई नियमन गरिरहेको छ । अहिले परिषद्का कर्णाली र सुदूरपश्चिमबाहेक सबै प्रदेशमा सम्पर्क कार्यालय खोली स्वास्थ्यसँग सम्बन्धित सबै कार्य केन्द्रको समन्वयमा गरिरहेको उनले बताए । तर कर्मचारी र नीतिगत अभावले अन्य प्रदेशमा विस्तार तथा प्रभावकारी कार्यान्वयन गर्न समस्या भएको छ ।

परिषद्ले कोरोना भाइरससँग सम्बन्धित अध्ययन अनुसन्धानको मापदण्ड बनाई अनुसन्धानलाई व्यवस्थित बनाएको छ । कोभिड-१९ को बेला जनतालाई सूचना दिनका लागि स्वास्थ्य मन्त्रालयसँगको अनुरोधमा परिषद्ले दैनिक प्रत्यक्ष प्रसारण गरेको साथै कोरोनासँग सम्बन्धित अध्ययनलाई पनि जनतासँग पुऱ्याइएको बताए ।

नेपालमा कोरोना भाइरसविरुद्धको खोप तथा औषधिको परीक्षण गर्दा बिमासम्बन्धी नीति नभएर समस्या भएको थियो । पछि परिषद्कै अगुवाइमा राष्ट्रिय बिमा संस्थान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा क्लिनिकल परीक्षणको बिमासम्बन्धी मापदण्ड बनाइयो । अब कुनै पनि खोप तथा औषधिको औषधीय परीक्षण (क्लिनिकल ट्रायल) गर्दा नेपालमा नै रहेका बिमा कम्पनीमार्फत गर्न सकिने छ । साथै, नेपालमा परीक्षणसम्बन्धी रजिस्ट्री नभएको अवस्थामा परिषद्कै अगुवाइमा रजिस्ट्री गर्ने काम भएको छ ।

परिषद्ले स्वास्थ्यसम्बन्धी अध्ययन अनुसन्धानलाई समेटेर जर्नलमा ५०० भन्दा बढी लेख प्रकाशित गरेको बताए । परिषद्का संस्थापक अध्यक्ष डा. मृगेन्द्रराज पाण्डेले परिषद्ले कोरोना संक्रमणको बेला गरेको अध्ययन अनुसन्धानले कोरानो भाइरसको रोकथाम तथा नियन्त्रण गर्न सहयोग पुगेको बताए । 'कोरोना भाइरसको परिषद्ले धेरै नै अध्ययन अनुसन्धान गरेको थियो,' उनले भने, 'परिषद्ले गरेको अध्ययनले सरकारले कोरानो संक्रमणको रोकथाम र नियन्त्रण गर्न सफल भयो ।' उनले कोरोना भाइरस संक्रमणको बेला परिषद्ले गरेको काम अन्तर्राष्ट्रियरूपमा पनि स्थापित काम भएको बताए ।

(क्रमशः पृष्ठ २ मा)


## शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कठौना, सप्तरी, मधेश प्रदेश, नेपाल

### शम्भुनाथ नगरपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

# संघीयता कार्यान्वयनमा शीर्ष नेतासँग राष्ट्रपतिको चासो



**शुक्रबार शितलनिवासमा राष्ट्रपतिसँग भएको भेटमा सहभागी प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली ।**

*तस्बिर सौजन्य: राष्ट्रपतिको सचिवालय*

**काठमाडौं (प्रस)**- राष्ट्रपति रामचन्द्र पौडेलले प्रमुख दलका शीर्ष नेतासँग संघीयता कार्यान्वयनबारे चासो राखेका छन् । शुक्रबार प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई शितलनिवास डाकेर यसबारे चासो राखेका हुन् ।

लोकतान्त्रिक व्यवस्थालाई सुदृढ बनाउने काममा मिलेर अघि बढ्न तीनै नेतालाई राष्ट्रपति पौडेलले ध्यानाकर्षण गराएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । मुलुकमा देखिएका महत्त्वपूर्ण विषयहरू संघीयता कार्यान्वयन, सुशासन र विश्वविद्यालयमा सुधार गर्न ध्यानाकर्षण गराएको पोखरेलले जनाए ।

उनका अनुसार राष्ट्रपति पौडेलले दलहरूले आफूहरूले मिलेर ल्याएको संघीयता कार्यान्वयन गर्न प्रदेशलाई अधिकारी दिने गरी तत्काल कानुनहरू पनि मिलेर बनाउन, निमुखाले न्याय पाउने गरी सुशासन कायम गर्न नेताहरूको ध्यानाकर्षण गराएका थिए ।

त्यस्तै, पौडेलले त्रिभुवन विश्वविद्यालयमा उपकुलपति खाली रहेको बेला मेरो तेरो नभनी क्षमतावान प्राज्ञ ल्याएर यही मौकामा विश्वविद्यालय सुधारको अभियान सुरु गर्न पनि ध्यानाकर्षण गराएको सल्लाहकार पोखरेलले जानकारी दिए । राष्ट्रपति पौडेलको ध्यानाकर्षणलाई नेताहरूले सकारात्मक रूपमा लिएको जनाइएको छ ।

## 'वीर अस्पतालमा तालाबन्दी गरे आफैं आएर खोल्छु'

**काठमाडौं (प्रस)**- स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले वीर अस्पतालमा यदि कसैले तालाबन्दी गर्छ भने आफैं आएर ताला काट्ने बताएका छन् ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालद्वारा शुक्रबार आयोजित मेमोग्राफी सेवाको उद्घाटन कार्यक्रममा मन्त्री बस्नेतले वीर अस्पतालमा एक समूहले दिनरात काम गर्ने गरेको र अर्को समूह काम नगर्ने गरेको आफूले थाहा पाएको बताए । उनले भने, 'मलाई बदनाम गराउने उद्देश्यले आफ्नो स्वार्थ पूरा गर्न नभएको प्रचार गर्दै एक समूह हिँडेको छ । ऐन संशोधन गरेर भए पनि उक्त समूहलाई ठेगान लगाउनुपर्ने अवस्था आएको छ ।'

महिलाको स्तन क्यान्सर भए/नभएको परीक्षण गर्ने मेमोग्राफी सेवाको शुभारम्भ गर्दै मन्त्री बस्नेतले बिहान ८ बजेदेखि ओपिडी सेवाको सुरुआत र विशिष्ट व्यक्तिहरूको उपचारका लागि छुट्टै वार्डको व्यवस्थाले सकारात्मक सन्देश दिएको बताए ।

## पृष्ठ १ बाट क्रमशः

### राजतन्त्रवादीको चियापानमा...

पार्टीभित्र अनेकथरी मत रहेको उल्लेख गर्दै केन्द्रीय कार्यसमितिको बैठक कुर्न उनले आग्रह गरे । 'एकथरी साथीहरूको चर्को स्वरमा त्यो सहभागी हुनुहुँदैन थियो । तुरुन्तै फिर्ता हुनुपर्छ भन्ने पनि छ । अर्कोतर्फ हामी कोशीमामात्रै सहभागी भएको होइन । हामी त अगाडिदेखि नै सहभागी छदै छौं । यो कुनै राजनीतिक दलको समर्थन लिएर, गठबन्धन गरेर कुनै सर्तमा हामी भएको होइन,' अध्यक्ष लिङ्देनले भने ।

उनले यस विषयमा पार्टीको केन्द्रीय कार्यसमितिको बैठकपछि उचित निर्णय लिने बताए । 'हामी प्रतिनिधिसभामा होस् या प्रदेशसभामा होस् । संसद्मा छौं भने त्यसको सर्वोच्च पद सभामुख हामीले कसैसँग सर्त नगरिकन पाउँछौं भने त्यो कसरी अन्यथा हो । त्यो कार्यकारी पद पनि होइन भन्ने साथीहरूको छँदै छ,' अध्यक्ष लिङ्देनले भने, 'ती सबै विषयमा म अहिले पक्ष विपक्षमा कुरा गर्नुभन्दा पनि हाम्रो केन्द्रीय कार्यसमितिको बैठकपछि यसलाई उचित निर्णयमा छौं ।'

#### व्यवस्था बदल्न राजधानी केन्द्रित आन्दोलनको चेतावनी

गणतन्त्रवादीको लर्को लगाएर अध्यक्ष लिङ्देनले राजतन्त्र र हिन्दू राष्ट्रका लागि राजधानी केन्द्रित आन्दोलन गर्ने चेतावनी दिए । यतिमात्र हैन आन्दोलन भीषण हुने खबरदारीसमेत गरे । 'माघ महिनाभरि तयारी गर्छौं, फागुनदेखि राजधानी केन्द्रित आन्दोलन गर्छौं । देखिनेगरी ठूला-ठूला प्रदर्शनहरू आयोजना गर्छौं,' उनले भने, 'आन्दोलन विल्कुल शान्तिपूर्ण अहिंसात्मक रूपले जनदबाब सिर्जना गर्ने ढंगले हुने छ । सरकारले दमन गर्‍यो भने त्यो भड्किन सक्छ, अहिले हामी त्यसको अनुमान गर्न सक्दैनौं । हाम्रो तर्फबाट शान्तिपूर्ण हुने छ ।'

आन्दोलन नाममात्रको नभई व्यापक किसिमको हुने दाबीसमेत लिङ्देनले गरे । यो व्यवस्थाले देश नधान्ने तर्क गर्दै उनले नयाँ सम्झौतामा जानैपर्ने समय आएको बताए । 'राजसंस्थाको कुरा गर्दा, हिन्दू राष्ट्रको कुरा गर्दा, संघीयताको विषयमा फरक दृष्टिकोण राख्दाखेरी देश पछाडि फर्काउने कुरा गरेको होइन । हामीले पछाडि फर्कने भनेको पनि होइन, पुरानो व्यवस्थामा जाने भनेको पनि होइन तर अब यही व्यवस्थाले देश धान्दैन । अब हामी नयाँ सम्झौतामा जानुपर्‍यो, नयाँ सम्झौतामा जानुपर्‍यो,' उनले भने ।

अध्यक्ष लिङ्देनले अहिले गणतन्त्र ल्याएका भनिएका दल र राजासमेत बसेर नयाँ बाटो निर्धारण गर्नुपर्ने बताए । जनताले सोझै निर्वाचित गर्ने कार्यकारी प्रधानमन्त्री, संवैधानिक रूपमा राजा रहने व्यवस्था, निर्वाचन प्रणालीमा सुधार, केन्द्र र बलियो स्थानीय तह, प्रदेशको खारेजी, स्थानीय तहमा जनप्रतिनिधिको संख्या कटौती गर्नुपर्ने, विकृत राष्ट्रिय सभाको बारेमा सोच्नुपर्ने जस्ता विषयमा माग राखेर सडक संघर्षमा जान लागेको लिङ्देनले बताए ।

#### कसले के भने ?

एमाले अध्यक्ष ओलीले नेपालको भौगोलिक एकीकरणको नेतृत्वकर्ता पृथ्वीनारायण शाहको जन्मजयन्तीमा कार्यक्रम गरेकामा राप्रपालाई धन्यवाद दिए । उनले भने, 'एकता दिवस भनेर राष्ट्रिय प्रजातन्त्र पार्टीले जुन कार्यक्रम गरेको छ, त्यसका लागि उहाँहरूलाई धन्यवाद छ । यो राम्रो काम गर्नुभएको छ ।'

रास्वपाका अध्यक्ष लामिछानेले पृथ्वीनारायणलाई राजनीतिभन्दा माथि राख्नुपर्ने सुझाव दिए । 'राष्ट्र निर्माता पृथ्वीनारायण शाहलाई राजनीतिभन्दा माथि राखेर सबैको साझा बनाउनुपर्छ,' लामिछानेले भने, 'राजनीतिक दलहरूबीच मतभेद रहे पनि चियापान कार्यक्रमले भेटघाटका साथै सद्भावको वातावरण बनाउँछ ।'

### मेलम्चीको पानी...

काठमाडौं उपत्यका खानेपानी लिमिटेडले आगामी माघ १ गतेदेखि काठमाडौं उपत्यकावासीका लागि मेलम्चीको पानी वितरण गर्ने तयारी गरेको जनाइएको छ ।

मेलम्चीबाट दैनिक १७ करोड लिटर पानी काठमाडौं आउने मेलम्ची खानेपानी विकास समितिका आयोजना निर्देशक जक्की अहमद अन्सारीले जानकारी दिए । आयोजनाले अम्बाथानको २१ नम्बर गेट, पानी पथान्तरण गर्ने ९ नम्बर गेट र १ नम्बर गेटको मर्मत गरेर बुधबार साँझदेखि काठमाडौंका लागि पानी पठाइएको सिनियर डिभिजनल इञ्जिनियर कुँवरले बताए ।

उनका अनुसार बाढीले क्षति बनाएको संरचना निर्माण गर्न निर्माण व्यवसायीले दैनिक ४५ जनाभन्दा बढी कामदार र आवश्यक मेसिन परिचालन गरेको थियो । खानेपानीमन्त्री महिन्द्र राय यादवले पुस अन्तिमसम्म मेलम्चीको पानी काठमाडौं ल्याउने घोषणासमेत गरेका थिए । मेलम्चीको पानी तत्काल काठमाडौं ल्याउन मन्त्री यादवले तीनपटक स्थलगतरूपमा अनुगमनसमेत गरेका थिए ।

बाढीका कारण रोकिएको पानी काठमाडौं ल्याउन मन्त्री यादवसहित खानेपानी सचिव सुरेश आचार्य र मेलम्ची खानेपानी विकास समितिका आयोजना निर्देशक अन्सारी सक्रियरूपमा लागेको मन्त्री यादवका स्वकीय सचिव टंक धमलाले जानकारी दिए ।

## पृष्ठ १ बाट क्रमशः

### कोरोना ...

यस्तै परिषद्ले राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण, जनसंख्यामा आधारित नसर्ने रोगको सर्वेक्षण, जनसंख्यामा आधारित क्यान्सर रजिस्ट्री, क्लिनिकल ट्रायल रजिस्ट्रीलगायतका महत्त्वपूर्ण अनुसन्धानमूलक कार्यहरू गरेको छ । ती अनुसन्धानले नेपालको स्वास्थ्य नीति र योजनामा तर्जुमा महत्त्वपूर्ण भूमिका खेलेको उनले बताए । परिषद्ले नेपालमा पहिलोपटक कोरोना भाइरसको अनुवांशिक अध्ययन (जिन सिक्वेन्सिङ) गर्ने काम गरेको छ । त्यतिबेला परिषद्ले नेपालमा नै पहिलोपटक कोभिडसँग सम्बन्धित १५ वटा नमूनाको जिन सिक्वेन्सिङ गरेको थियो । त्यसपछि नै अन्य स्वास्थ्य संस्थाले अन्य रोगका पनि जिन सिक्वेन्सिङ गरिरहेका छन् ।

#### आरडिटी किटलाई प्रतिबन्ध

परिषद्ले अध्ययनअनुसार नै सरकारले र्‍यापिड डाइगनोस्टिक किट (आरडिटी) लाई कोरोनाको निदानात्मक कार्यका लागि प्रतिबन्ध लगाएको थियो । 'कैलालीमा कोरोना फैलिएको थियो । आरडिटी किट पनि भर्खरै आएको थियो । किट निदानात्मक प्रयोगका लागि ठीक छैन तर सर्वेक्षणका लागिमात्र ठीक छ भन्ने हामीले गरेको अध्ययनको आधारमा मन्त्रालयले आरडिटी किटलाई सर्वेक्षणको रूपमा मात्र प्रयोग गर्ने र कोभिड-१९ को निदानात्मक कामका लागि पिसिआर नै प्रयोग गर्ने निर्णय गर्‍यो,' कार्यकारी प्रमुख डा. ज्ञवालीले भने ।

परिषद्ले कोरोना भाइरसको खोपसम्बन्धी पनि अध्ययन गर्नुपर्दछ भनेर तेस्रो चरणको परीक्षण गर्न अनुमति प्रदान गरेको थियो । 'पहिलो र दोस्रो परीक्षणमा सुरक्षित भएका खोपलाई तेस्रो परीक्षण नेपालमा गर्नका लागि सरकारसँग अनुमति मागेर गर्न सफल भयो,' उनले भने, 'सुरुमा सरकार पनि सहमत भएको थिएन । तर पछि नेपालमा पनि तेस्रो तहको ट्रायल गरेर अन्तर्राष्ट्रियरूपमा चिन्नुपर्दछ भनेर सरकारसँग वकालत गर्‍यौं र सफल पनि भयौं ।'

#### रेम्डिसिभिरको अध्ययन

महामारीको बेला रेम्डिसिभिरप्रति भाइल डेढदेखि दुई लाख रूपैयाँसम्म कालोबजारीमा बिक्री हुने गरेको थियो । रेम्डिसिभिर खोपको अध्ययनपछि कालोबजारीया रोकिएको थियो । परिषद्को उक्त अध्ययन अन्तर्राष्ट्रिय जर्नलमासमेत प्रकाशित भइसकेको छ ।

यस्तै श्वासप्रश्वास फेर्न गाह्रो बनाएको बिरामीलाई सजिलो बनाउन प्रयोग गरिने 'स्ट्रेरोइड' औषधिको अध्ययन पनि परिषद्ले गरेको थियो । अक्सफोर्ड विश्वविद्यालयको सहकार्यमा भएको सो अध्ययनबाट थोरै मात्रा धेरै मात्राको तुलनामा निकै प्रभावकारी प्रमाणित भएको निष्कर्ष निकालेको छ । 'स्ट्रेरोइड'को औषधिको उक्त अध्ययनले औषधिको अनुसन्धानको इतिहासमा परिषद्लाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन सफल भएको परिषद्का कार्यकारी प्रमुख डा. ज्ञवालीले जानकारी दिए ।

सन् १९५० देखि औलोको प्रथम सर्वेक्षण गरेर नेपालमा रोगसँग सम्बन्धित अध्ययनको सुरुआत भएको मानिन्छ । त्यसपछि स्वास्थ्यसचिवको नेतृत्वमा मन्त्रालयको एउटा शाखाको रूपमा सन् १९८२ मा नेपाल मेडिकल रिसर्च कमिटी गठन गरियो । त्यतिबेला रिसर्च कमिटीलाई स्वास्थ्य अनुसन्धानको केन्द्र बनाउनुपर्दछ भनेर डा. मृगेन्द्रराज पाण्डेको अगुवाइमा सन् १९९१ मा स्वायत्त संस्थाको रूपमा नेपालमा स्वास्थ्यसँग सम्बन्धितको अध्ययन र अनुसन्धान गराउने भनेर परिषद् खोलिएको हो ।

परिषद्ले ५७ वटा संस्थालाई स्वास्थ्यसँग सम्बन्धित आचारसंहिता पालनासँग सम्बन्धित समितिलाई अनुमति दिएको छ । सोअनुसार संस्थागत अनुसन्धानलाई नियमन गरिरहेको छ । अहिले परिषद्का कर्णाली र सुदूरपश्चिमबाहेक सबै प्रदेशमा सम्पर्क कार्यालय खोली स्वास्थ्यसँग सम्बन्धित सबै कार्य केन्द्रको समन्वयमा गरिरहेको उनले बताए । तर कर्मचारी र नीतिगत अभावले अन्य प्रदेशमा विस्तार तथा प्रभावकारी कार्यान्वयन गर्न समस्या भएको छ ।

#### नियमनकारीको रूपमा लैजाने

परिषद् स्वास्थ्यका अध्ययन अनुसन्धान गर्ने र गराउने कार्य गरी सरकारलाई स्वास्थ्यसँग सम्बन्धित नीति नियममा सुझाव दिने संस्थाको रूपमा रहेको छ । परिषद्का कार्यकारी प्रमुख डा. ज्ञवालीले भविष्यमा संस्थागत समन्वयमा राष्ट्रिय महत्त्वका विषयमा परिषद्ले अनुसन्धान गर्ने र परिषद्लाई संस्थागत अनुसन्धानमा जोड दिँदै नियमनकारी निकायको रूपमा विकास गरिने छ ।

'हामीले १० प्रतिशतमात्र अनुसन्धान गरेका छौं । अरु ९० प्रतिशत अनुसन्धानका काम व्यक्ति र संस्थालाई अनुमति दिने गर्दछौं,' उनले भने, 'परिषद् स्वास्थ्यका अनुसन्धान गराउन नियमनकारी संस्थाको रूपमा लैजान जरुरी रहेको छ ।' यसका लागि ऐन संशोधन पनि गर्ने गरी बोर्डबाट निर्णय गरी काम अगाडि बढिरहेको छ ।

#### क्यान्सरको अध्ययन

परिषद्ले सन् २०१८ सालदेखि जनसंख्यामा आधारित क्यान्सर रोगको अवस्थाको बारेमा पनि विभिन्न नौ जिल्लामा अध्ययन गरिरहेका छन् । काठमाडौं, ललितपुर, भक्तपुर, सिराहा, सप्तरी, धनुषा, महोत्तरी, पूर्वी र पश्चिम रुकुमका जिल्लामा समुदायस्तरमा फैलिएको क्यान्सरको अध्ययन भइरहेको छ । ती जिल्लाबाट क्यान्सरका बिरामी कति छन्, कसरी फैलिरहेको छ भनेर अध्ययन भइरहेको छ । कूल जनसंख्याको २० प्रतिशतलाई समेट्ने भएकाले ती जिल्ला छनोट गरिएको हो ।

अध्ययनले क्यान्सरको प्रकार, असर, उपचारको अवस्था, रोकथाम र उपचार गर्न सहयोग पुगेको उनको भनाइ रहेको छ । परिषद्ले गाँजालाई औषधिको रूपमा प्रयोग गर्न सकिने भनेर अध्ययनको सुरुआत गरिएको छ । यस्तै परिषद्ले प्रत्येक वर्ष करिब ६०० भन्दा बढी अनुसन्धान प्रस्तावलाई स्वीकृत प्रदान गर्ने गरेको छ । सयभन्दा बढी अनुसन्धान प्रस्तावको छानबिन गरेको छ । ती छानबिनबाट कतिपय अनुसन्धानकर्तालाई पनि सचेत गराइएको छ । परिषद्ले सरकारको उच्च प्राथमिकतामा रहेको रोग 'बर्डन अफ डिजिज'को अनुसन्धान पनि गरेको छ ।

#### करार कर्मचारीका भरमा

परिषद् करार कर्मचारीका भरमा सञ्चालन गर्नुपरेको छ । अहिले परिषद्सँग दुई जनामात्र अनुसन्धान अधिकृत र बाँकी सबै करारका कर्मचारीबाट अनुसन्धान गराउनुपर्ने रहेका छन् । परिषद्का कार्यकारी प्रमुख डा. ज्ञवाली करारका कर्मचारीले काम गर्नुपर्दा परिषद्ले नतिजामुखी काम गर्न नसकेको स्वीकार गर्छन् ।

परिषद्मा दरबन्दी ७० रहेकामा कार्यरत २२ जना रहेका छन् र तीमध्ये दुई जनामात्र अनुसन्धान अधिकृत रहेका छन् । उनले स्थायी कर्मचारी भर्ना प्रक्रिया अगाडि बढेको बताए । *रासस*


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०८०/०९/२८**

यस कम्पनीको मिति २०८०/०८/१३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जि.के. म्याजेष्टिक ट्रेक प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **ब्लीसफुल नेपाल ट्रकिङ्ग एण्ड टुर प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०५/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **ब्लीसफुल नेपाल ट्रकिङ्ग एण्ड टुर प्रा.लि.**(प्रा.लि.नं.१२०७७५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०८०/०९/२८**

यस कम्पनीको मिति २०८०/०७/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **लिडरसिप एकेडेमी नेपाल एट एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्ट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लिडरसिप एकेडेमी नेपाल प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०९/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिडरसिप एकेडेमी नेपाल प्रा.लि.** (**प्रा.लि.नं.** १६७५०३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस Sunlight Recruitment Service Pvt.ltd. (ई.प.नं.११८९/०७३/७४)मा अजय कुमार दास (ना.प्र.नं. २२३९८-१३१) ले यस प्रा. लि. मा PRO पदमा काम गर्दै आउनु भएको र निजको व्यक्तिगत काम विशेषको कारण यस संस्थाबाट हटाईएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात)** दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


पुस २८ गते २०८०, शनिबार

| | |
|---|---|
| **मेष** | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **वृष** | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला । |
| **मिथुन** | प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ । |
| **कर्कट** | स्वास्थ्य क्षेत्र निर्बल रहने भएकाले सजगता अपनाउनु होला । |
| **सिंह** | धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । |
| **कन्या** | प्रेममा मनमुटावका साथै मन कमजोर रहला । |
| **तुला** | आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् । |
| **वृश्चिक** | रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । |
| **धनु** | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ । |
| **मकर** | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **कुम्भ** | अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला । |
| **मीन** | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेन्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस २८ गते, २०८०, १३ जनवरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६९ | १३३.२९ |
| युरो | १ को | १४५.०९ | १४५.७५ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.७४ | १६९.५० |
| स्विस फ्रैन्क | १ को | १५५.९६ | १५६.६६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.८१ | ८९.२१ |
| क्यानाडियन डलर | १ को | ९९.२३ | ९९.६८ |
| सिंगापुर डलर | १ को | ९९.७२ | १००.१७ |
| जापानी येन | १० को | ९.२१ | ९.२५ |
| चिनियाँ युआन | १ को | १८.५२ | १८.६० |
| साउदी अरब रियाल | १ को | ३५.३८ | ३५.५४ |
| कतारी रियाल | १ को | ३६.४० | ३६.५६ |
| थाई भाट | १ को | ३.७९ | ३.८१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१३ | ३६.२९ |
| मलेसियन रिङेट | १ को | २८.५८ | २८.७० |
| दक्षिण कोरियन वन | १०० को | १०.०५ | १०.१० |
| स्विडिस क्रोनर | १ को | १२.९४ | १३.०० |
| डेनिस क्रोनर | १ को | १९.४५ | १९.५४ |
| हङकङ डलर | १ को | १६.९८ | १७.०६ |
| कुवेती दिनार | १ को | ४३१.६८ | ४३३.६३ |
| बहराइन दिनार | १ को | ३५१.९५ | ३५३.५४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।



**पृथ्वीनारायणको सालिकमा पुष्पहार**

पृथ्वीनारायण शाहको ३०२औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा शुक्रबार सिंहदरबारको पश्चिम मूलद्वारस्थित शाहको सालिकमा १०५ किलोको पुष्पहार चढाउँदै राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता कार्यकर्ता। तस्बिरः रासस

# सहकारी अपलचनमा १९ जना दोषी ठहर

**खजुरा (बाँके)**- बाँके जिल्ला अदालतले सहकारी वित्तीय संस्था लिमिटेड, नेपालगञ्जको अपचलन मुद्दामा दोषी ठहरिएका १९ जनालाई अधिकतम कसुर/सजाय र जरिवाना तोकेको छ। कसुर ठहर हुनेमा सहकारीका तत्कालीन सञ्चालक समिति र कर्मचारी छन्।

अदालतका न्यायाधीश इन्द्रबहादुर कठायतको इजलासले १९ जनालाई एक वर्षदेखि पाँच वर्षसम्म कैद सजाय, ५० हजार रूपैयाँसम्म जरिवाना गर्ने बिहीबार फैसला गरेको अदालतका सूचना अधिकारी हेमन्त भट्टराईले बताए। उनका अनुसार अदालतले साविकको मुलुकी ऐन ठगीको महलका साथै मुलुकी अपराधसंहिता २०७४ बमोजिम अभियुक्ताहरूबाट विगो भराउने, जरिवाना गर्ने र कैद सजाय गर्ने आदेश गरेको छ।

अदालतले सहकारीको रकम हिनामिनामा संलग्न मुख्य अभियुक्त कर्जा फाँटका प्रमुख अरुण पाठकबाट २४ करोड ९१ लाख रूपैयाँ विगो भराई पाँच वर्ष कैद र ५० हजार रूपैयाँ जरिवाना गर्ने आदेश दिएको छ। सहकारीका प्रमुख प्रबन्धक गोपाल भण्डारीबाट चार करोड ४८ लाख ९५९ रूपैयाँ विगो भराउन, ५० हजार रूपैयाँ जरिवाना र पाँच वर्ष कैद सजाय तोकिएको सूचना अधिकारी भट्टराईले जानकारी गराए।

सहकारीको व्यवस्थापकीय भूमिकामा रहेका कर्मचारी गंगाधर सुवेदीबाट दुई करोड ८३ लाख ७३ हजार २९५ रूपैयाँ विगो भराउन, ५० हजार रूपैयाँ जरिवाना र पाँच वर्ष कैद सजाय गर्ने अदालतले आदेश गरेको छ। लिला भन्ने लिलाप्रसाद वलीबाट ८९ लाख २९ हजार ७२५ रूपैयाँ विगो भराउन, ५० हजार रूपैयाँ जरिवाना र पाँच वर्ष कैद सजाय तोकिएको छ।

सहकारीका कर्मचारी किरण श्रेष्ठबाट ८६ लाख ३५ हजार ४५४ रूपैयाँ विगो, ५० हजार रूपैयाँ जरिवाना गर्न र पाँच वर्ष कैद सजाय गरेको छ। गौरवकुमार श्रेष्ठबाट एक लाख २९ हजार ४९१ रूपैयाँ विगो भराउन, ४० हजार रूपैयाँ जरिवाना गर्न र चार वर्ष कैद सजाय गर्न आदेश दिएको अदालतका सूचना अधिकारी भट्टराईले बताए।

त्यसैगरी, सहकारीका कर्मचारी सुरतराम खटिकबाट ९८ लाख ४८ हजार २७४ रूपैयाँ विगो भराउन, ५० हजार रूपैयाँ जरिवाना गर्न र पाँच वर्ष कैद, बलराम यादवबाट ५३ लाख ६९ हजार ६५२ रूपैयाँ विगो, ५० हजार रूपैयाँ जरिवाना र पाँच वर्ष कैद सजाय गर्न आदेश दिएको छ। सहकारीका खजुरा शाखाका प्रमुख सूर्यबहादुर बिकबाट ३३ लाख ६० हजार ६८१ रूपैयाँ विगो, ५० हजार रूपैयाँ जरिवाना र पाँच वर्ष कैद सजाय गर्न आदेश दिएको छ।

सहकारीको लेखा समितिमा कार्यरत स्थिरमणि बज्राचार्य, सन्दीप शर्मा र लिला शाहलाई एक वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना, तुषार शाह र ओमप्रकाश चौधरीलाई दुई वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना गर्ने अदालतले आदेश गरेको छ।

सहकारी संस्थाका पूर्वअध्यक्षहरू सिद्धिकुमार महर्जनलाई दुई वर्ष छ महिना कैद ,पाँच हजार रूपैयाँ जरिवाना, अम्बरबहादुर खड्का र हरदेवबक्स चौधरीलाई पाँच/पाँच वर्ष कैद र ५०/५० रूपैयाँ हजार जरिवाना गर्ने आदेश दिएको अदालतलका सूचना अधिकारी भट्टराईले जानकारी दिए।

यसैगरी, सहकारीका उपाध्यक्ष रवीन्द्र थापालाई तीन वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना गरिएको छ। सहकारीकी कर्मचारी शारदाकुमारी थापा मगरलाई एक वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवानाको आदेश भएको छ। पीडित संघर्ष समितिका सहसंयोजक आशुतोष शुक्लाले अदालतको आदेशले पीडितलाई केही खुसी तुल्याएको बताए। उनले भने, 'अब अदालतले तोकेको जरिवाना र विगो रकम तिर्न आएमा सहमति हुन सक्छ।'

सहकारीको रकम अपचलन मुद्दामा बाँके जिल्ला अदालतले स्वागतयोग्य आदेशले पीडितले न्यायको महसुस गरेको जाहेरवालाका तर्फबाट पैरवी गरेका नेपालगञ्जका वरिष्ठ अधिवक्ता विजयकुमार गुप्ताले बताए। लामो संघर्षपछि सयौं गरिब बचतकर्ता पीडितले यो फैसलाले न्याय पाएको महसुस गरेको बताए।

उनले भने, 'अदालतले गरेको फैसला र तदर्थ समितिको भूमिकालाई प्रभावकारी बनाउनुपर्दछ, त्यसपछि मात्र पीडितले आफ्नो बचत रकम फिर्ता पाउँछन्।' सहकारीमा अपचलन गरिएको रकमहरू स्वयं दोषीहरूले स्वीकार गरेको अवस्थामा अदालतले तोकेको विगो रकम तत्काल भराउने कार्यमा सबै सरोकारवाला निकायको भूमिकालाई प्रभावकारी बनाउनुपर्ने उनले बताए।

बाँकेको बहुचर्चित यो सहकारी घोटालामा ४१ जनालाई प्रतिवादी बनाइएको थियो। ४३ करोड रूपैयाँ घोटालामा अन्यले सफाइ पाएका छन्। सातजना अहिले पनि कारागारमा रहेका छन्। अरू धरौटीमा छुटेका थिए। ११ हजार ८०० चारजना निक्षेपकर्ता रहेको सहकारी ठूलो रकम हिनामिना भएपछि निक्षेपकर्ताले २०७६ असोजमा मुद्दा दायर गरेका थिए। त्यसयता पीडित निरन्तर सडकमा रहेका छन्। सहकारीमा ठगिएका एक दर्जन पीडितको यो बीचमा मृत्यु भइसकेको छ।

जिल्ला अदालतले सहकारी संस्थाका सञ्चालक समिति विघटन गर्न आदेश यसअघि नै दिइसकेको छ। बचतकर्ताहरूले जम्मा गरेको करिब ३८ करोड रूपैयाँ हिनामिना भएपछि नेपालगञ्जको सहकारी वृत्ति विकास संस्था २०७६ असोजदेखि बन्द रहेको छ। *रासस*

# नागरिक उन्मुक्तिको अध्यक्षमा रेशमलाल

**टीकापुर, कैलाली (प्रस)**- नागरिक उन्मुक्ति पार्टीको पहिलो महाधिवेशनले पार्टीको अध्यक्षमा रेशमलाल चौधरीलाई सर्वसम्मत चयन गरेको छ। यसअघि पार्टीको संरक्षक रहेका चौधरीलाई टीकापुरमा भएको पहिलो महाधिवेशनले सर्वसम्मत चयन गरेको हो।

पार्टी अध्यक्षमा यसअघि उनकी धर्मपत्नी तथा भूमि व्यवस्था तथा सहकारीमन्त्री रञ्जिता श्रेष्ठ रहेकी थिइन्। महाधिवेशनले पार्टीको वरिष्ठ उपाध्यक्षमा दामोदर पण्डितलाई चयन गरेको छ। पुस २६ गतेदेखि टीकापुरमा जारी महाधिवेशनमा देशभरबाट आठ हजार प्रतिनिधि टीकापुर आएका छन्।

पार्टीका अन्य पदाधिकारी पनि सर्वसम्मत चयन गर्न लागि छलफल भइरहेको जनाइएको छ। नागरिक उन्मुक्तिको केन्द्रीय समिति ५०१ सदस्यीय हुनेमा महाधिवेशनबाट ३३ पदाधिकारीसहित २५४ जना चयन गरिने छ।

पार्टीका सबै पदाधिकारी तथा सदस्य निर्विरोध चयनका लागि छलफल जारी रहेको र महाधिवेशन शनिबारसम्म चल्ने केन्द्रीय सदस्य लालवीर चौधरीले जानकारी दिए।

# टुँडिखेलमा दुई दिन माघी महोत्सव

**काठमाडौं (प्रस)**- थारु समुदायले पुस २९ र माघ १ गते टुँडिखेलमा महोत्सवका साथ माघी पर्व मनाउने भएको छ। थारू राष्ट्रिय माघी महोत्सव मूल आयोजक समितिका संयोजक प्रेमिलाल चौधरीले उक्त जानकारी दिएका हुन्।

'२०५९ सालदेखि काठमाडौंमा माघी महोत्सव मनाउँदै आएका छौं। थारु समुदायको नयाँ वर्ष भएकाले थारु भाषा, संस्कृति र जनचेतनाका लागि दुई दिन महोत्सव मनाउने निर्णय गरेका हौं,' उनले भने। उनका अनुसार माघी महोत्सवको प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गर्ने छन्। यस वर्ष 'थारु संस्कृतिको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा हाम्रो अभियान, समानुपातिक समावेशी पहुँचका लागि सम्पूर्णमा आह्वान' भन्ने नारासहति माघी पर्व मनाउन लागिएको उनले बताए।

बीस वटाभन्दा बढी थारु संघसंस्थाको संयुक्त आयोजनामा हुने माघी महोत्सवमा थारु खानपिन/परिकार, प्रदर्शनी एवं बिक्री, थारु सीप हस्तकला, पुस्तक प्रदर्शनीलगायतका करिब १०० भन्दा बढी स्टल रहने उनले बताए। महोत्सवमा थारू सांस्कृतिक नृत्य तथा गीत मघौटा, सखिया, हुर्दगंवा, झुम्रा, छोक्रा, दिन्नचुवा, रागनी, बडोनाच, होरी, झर्रा, लठ्हवा, मुग्रंहवा नाचलगायत प्रस्तुत गरिने सांस्कृतिक उपसमितिका संयोजक नन्दुराज चौधरीले जानकारी दिए।


**शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना**

**पहिलो पटक सूचना प्रकाशन मिति :२०८०/०९/२८**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २९९२ मिति २०८०/०१/३१ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. १७६१ मिति २०८०/०९/२३ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना र बर्रो जातका गोलिया थान १०९ को १४४५.६ काठ, साल जातको दाउरा ३.०० चट्टा र अन्य जातको दाउरा ८.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिनको दिउँसो १२:०० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री गौरी सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी-४, बैजापुर, बाँके**



## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL MABIA SERVICES L.L.C.**

पूर्व स्वीकृति मिति २०८०/०१/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No. 285304 | चलानी नं. ६०२००७२७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Hotel Cleaner | 50 | 0 | 800 | २८,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ६ गते (20th Jan. 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ALBAHR ALDHABY DIGITAL MARKETING**

पूर्व स्वीकृति मिति २०८०/०४/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No. 292259 | चलानी नं.६०२०७४४०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | cleaner | 9 | 11 | 900 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ६ गते (20th Jan. 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रोजगारदाता आफैले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Advance Recruitment Service Pvt. Ltd.** श्रम ईजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069



## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : HIAP SENG ENGINEERING LIMITED FZC**

पूर्व स्वीकृति मिति २०८०/०९/२२ | LT. No. 292132 | चलानी नं. ६०२०७३३६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Blaster Painter | 10 | 0 | 1200 | ४३,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 10 | 0 | 1200 | ४३,२६५ | | | | | | | |
| 3 | Electrician | 10 | 0 | 1200 | ४३,२६५ | | | | | | | |
| 4 | Fitter | 10 | 0 | 1200 | ४३,२६५ | | | | | | | |
| 5 | Grinder | 10 | 0 | 1200 | ४३,२६५ | | | | | | | |
| 6 | Helper | 30 | 0 | 800 | २८,८४५ | | | | | | | |
| 7 | Mason | 10 | 0 | 1200 | ४३,२६५ | | | | | | | |
| 8 | Rigger Supervisor | 2 | 0 | 1200 | ४३,२६५ | | | | | | | |
| 9 | Riggers | 10 | 0 | 1200 | ४३,२६५ | | | | | | | |
| 10 | Scaffolder | 20 | 0 | 1200 | ४३,२६५ | | | | | | | |
| 11 | Welder | 10 | 0 | 1200 | ४३,२६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ६ गते (20th Jan. 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ५१२/०६१/६२

**ASIA PACIFIC RECRUITMENT SERVICE PVT. LTD.**
Basundhara 3, Kathmandu, Nepal
Tel: 01-5906171, 5916171, Email: uddabg2@gmail.com



## जगदुल्ला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
माझगाउँ, डोल्पा

**शिलवन्दी दरभाउपत्र आह्वानको सुचना**

*प्रथम पटक प्रकाशित मिती : २०८०।०९।२८*

यस कार्यालयलाई आवश्यक पर्ने तपशिलका खरिद कार्यहरु शिलवन्दी दरभाउँ वाट खरिद र्गनु पर्ने भएकाले नेपाल सरकार वाट सम्वन्धीत कार्यको लागी ईजाजत पत्र, स्थायी लेखा नं. दर्ता भएको ईच्छुक फर्म, कम्पनी वा सप्लायर्सहरु वाट निम्न शर्तहरुको अधिनमा रहि शिलवन्दी वोलपत्र आवहान गरिएको छ।

१. यो सुचना प्रकाशित भएको मितीले १५ दिन भित्र तपशिलको कार्यको लागी ईजाजत पत्र प्राप्त भई नविकरण भएको ईच्छुक फर्म, कम्पनी सप्लायर्स वा निजको प्रतिनिधिले निवेदनका साथ अघिल्लो आ.व को कर चुत्ताको प्रमाण पत्र साथै कामको विवरण अनुसारको छुट्टै शिल वन्दी दरभाउपत्र दस्तुर पछि फिर्ता नहुने गरि यस गाउँपालिकाको नाममा नेपाल वैंक लि. जगदुल्ला शाखामा रहेको रा.शि.नं. १४२२९ आन्तरिक राजस्व खाता नं. **२४९०३००००१००१००००१** दाखिला गरि स्पेशिफिकेशन सहितको दरभाउपत्र फारम प्रशासन शाखा वाट प्राप्त गर्न सकिन्छ।
२. खरिद भएको दरभाउपत्रको हकमा प्रथम पटक सुचना प्रकाशित भएको मितीले १६ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ र सोही दिनको २ वजे दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा दर्ता हुन आएका दरभाउ पत्रहरु खोलिने छ।
३. दरभाउपत्र खरिद गर्ने,दाखिला गर्ने र खोल्ने अन्तीम दिन सार्वजनिक विदा परेमा उत्त कार्यहरु विदाको लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।
४. जमानत वापतको रकम नगद जम्मा गर्दा यस कार्यालयको नाममा रहेको नेपाल वैंक लि. जगदुल्ला शाखामा रहेको धरौटी खाता नं. **२४९०३००००३०००००००१** मा जम्मा गनु पर्नेछ।
५. दरभाउपत्रमा विरुवाको दरभाउ जिल्ला दररेट भन्दा वढि भएमा मान्य हुने छैन र आइटम वाईज अंक र अक्षेरमा जम्मा रकम स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षेरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।
६. म्याद नाघि आएको रित नपुगेको वा शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
७. दरभाउपत्र दाताले आफ्नो फर्म वा नर्सरीमा स्वस्थ्य विरुवा रहेको, दरभाउपत्र सम्वन्धी कार्वाहिमा निजी स्वार्थ नवाझिएको सो सम्वन्धी कसुरमा कारवाही नरहेको स्वघोषण अनिवार्य रुपमा पेश गनु पर्नेछ।
८. दरभाउपत्र दाताले आफ्नो दरभाउपत्रका साथ आफ्नो फर्म वा कम्पनीमा रहको विरुवा विवरण सहितको कृर्षि विकास कार्यालय/कृषि ज्ञान केन्द्र को विरुवा स्वास्थ्यताको सिफारिस पत्र समावेश गर्नु पर्नेछ।
९. दरभाउपत्र फारममा उल्लेख भएको विरुवाको परिमाणमा कार्यालयले आवश्यकता अनुसार थपघट गरि कार्यआदेश दिन सक्नेछ।
१०. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन वमोजिम हुनेछ।

**कामको विवरण**

| दरभाउ पत्र नं. | कामको विवरण | लागत अनुमान | वोलपत्र दस्तुर | जमानत वापतको रकम | जमानत अवधि |
|---|---|---|---|---|---|
| JRM/Plants-01/2080-81 | दाते ओखर कलमी विरुवा खरिद | १९,८०,००० | १००० | ५०,००० | १२० दिन |

**प्रमुख प्रशासकिय अधिकृत**



# स्केट खेलमा युवा आकर्षण

## परिवर्तन हुँदै छ हेर्ने दृष्टि

विश्वमा खेलिने फुटबल र क्रिकेटलगायतका खेलहरूमा जस्तै स्केट खेलमा पनि नेपालका युवाहरूको पछिल्लोपटक आकर्षण बढ्दै गएको हो । खासगरी अमेरिका, अस्ट्रेलियालगायत युरोपियन देशहरूमा साहसिक खेलको रूपमा खेलिने स्केट खेलप्रति नेपालका युवाहरु पनि सक्रिय बन्दै गएका छन् । सन् १९६० तिर अमेरिकाको एक सहरमा स्केट बोर्डलाई साधनको रूपमा लिने गरेको पाइन्छ । त्यसपछि युरोपियन देश हुँदै विश्वका अन्य देशहरूमा विकास भएको पाइन्छ ।

**सुशील दर्नाल**

तिलोत्तमा-४ स्थित डिंगनगरका रामकृष्ण परियारलाई आजकल स्केट खेलप्रति आकर्षण बढेको छ । पहिला छोरा अभिषेकले स्केट खेल खेलेको पटक्कै मन पर्दैनथ्यो । छोराले स्केट खेलमै प्रगति गर्न थालेपछि उनी यस खेलप्रति आकर्षित भएका हुन् । रूपन्देहीको तिलोत्तमास्थित स्केट पार्कमा आयोजना गरिएको 'पाँचौं दक्षिण एसियालीस्तरीय स्केट बोर्ड प्रतियोगिता तथा स्केट जात्रा' मा हेर्न आएका रामकृष्ण भन्छन्, 'आजकाल त मलाई पनि खेल मन पर्न थालेको छ, म बूढो मान्छेलाई खेल्न त आउँदैन तर छोराले खेलेको देखेर खुसी लाग्छ, हामी बूढाबूढी छोराको स्केट खेल हेर्न तीन दिनदेखि दैनिक आउने गरेका छौं ।'

आफ्नो छोराले राम्रो खेलेको देखेर रामकृष्णकी श्रीमती अर्जनालाई पनि यो खेल राम्रो लाग्न थालेको छ । 'सुरुमा त छोराले घरमै स्केट बोर्ड लिएर आउँदा अब छोरो बिग्रिने भयो, गलत बाटोमा लाग्ने भयो भन्ने चिन्ता लागेको थियो, यो खेलको बारेमा बुझेपछि विस्तारै हामीलाई पनि मज्जा लाग्दै गयो, अहिले छोराले राम्रो खेलेको देख्दा रमाइलो लाग्छ,' अर्चनाले भनिन् ।

तिलोत्तमा-४ स्थित ड्राइभरटोलका अमर विकलाई पनि आफ्नो छोराले स्केल खेलमा प्रगति गरेको देख्दा खुसी लाग्छ । १९ वर्षीय छोरा सुनिलले स्केट खेलबाटै विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कारसमेत जितिसकेका छन् । उनी स्केट खेलका लागि भारत र थाइल्याण्डसमेत पुगेका छन् । 'हामीलाई छोराले यही स्केट खेलमै राम्रो गर्न सक्छ भन्ने लागेको छ,' विकले भने ।

ड्राइभरटोलकै बाबु रामबहादुर कामु र आमा प्रेमकुमारी कामुका १५ वर्षीय छोरा यमबहादुरले पनि जात्रामा आयोजना गरिएको प्रतियोगितामा भाग लिएका थिए । छोराले प्रतियोगितामा भाग लिएको देख्दा बाबु रामबहादुर र आमा प्रेमकुमारी ढंग थिए । यो स्केट खेल पनि अरु फुटबल, भलिबलजस्तै खेलिने खेल रहेछ भन्ने लागेको छ उनीहरूलाई । अर्का खेलाडी खुसी विकेका बाबु मधु विके पनि स्केट जात्रा हेर्नका लागि लगातार तीन दिनदेखि उपस्थित भएका थिए ।

जात्रामा पाँच हजार खेलप्रेमीको सहभागिता रहेको थियो । युवादेखि वयस्क र वृद्धवृद्धाले समेत चासोका साथ जात्राबाट मनोरञ्जन लिएका थिए । जात्रामा सहभागी रमेश रानाभाटले भने, 'मैले अहिलेसम्म यस किसिमको खेल खेलेको देखेको थिइनँ, निकै रमाइलो लाग्यो । अब यो खेललाई पनि सरकारले प्राथमिकता दिनुपर्छ, यसको संरक्षण गर्नुपर्छ र नेपालले यस खेलमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सफलता पाउन सक्छ ।'

हिजोका दिनमा यो खेल सडकमै खेल्नुपर्ने अवस्था थियो भने आज पार्कमै खेल्नसक्ने अवस्था रहेको अध्यक्ष पहाडीको भनाइ छ । 'हिजोका दिनमा सडकमा खेल्न प्रहरीले दिँदैनथे, अभिभावकले पनि नकारात्मक रूपमा लिने गरेका थिए, तर आजको दिनमा विस्तारै सबैलाई बुझाउन सकिएको छ,' उनले भने । पछिल्लो समयमा नेपाली स्केट खेलाडीहरू भारतका विभिन्न स्थानमा हुने स्केट प्रतियोगितामा विजयी हुन थालेका छन् । कतिपयले स्केट खेलबाटै आम्दानीको स्रोत पनि बनाउन सुकेका छन् । विस्तारै नेपालमा स्केट खेललाई हेर्ने दृष्टिमा सकारात्मक परिवर्तन आउन थालेको छ ।

स्केट खेल प्रतियोगिताका लागि नेपाली खेलाडीहरू जापान, दुवै, थाइल्याण्ड, भारत र इन्डोनेसियालगायतका मुलुकमा पुगिसकेका छन् । सन् २०१६ मा थाइल्याण्डमा आयोजना गरिएको राष्ट्रिय प्रतियोगितामा मिलन शाह ठकुरी विजयी भएका थिए । पहाडीले भने, 'हिजोका दिनमा हामी सात दोबोटोको सम्म भागमा खेल्नुपर्ने थियो भने अहिले सडकबाट स्केट पार्कमा छिरिसकेको छ, पछिल्लो जात्रामा भाग लिनका लागि भारतलगायतका देशबाट लामो यात्रा गरेर पनि खेलाडीहरू आएका थिए ।'

स्केट-एड नेपालले स्केट खेलको सकारात्मक प्रभावका लागि विभिन्न विद्यालय र क्याम्पसहरूमा सचेतनामूलक कार्यक्रम गर्दै आएको छ । स्कुल र क्याम्पस पढ्ने अधिकांश विद्यार्थी तथा युवाको रुचिको खेल स्केट बन्दै गएको छ । संस्थाले सचेतनाको साथसाथै स्केट खेलसम्बन्धी सामग्री पनि हस्तान्तरण गर्दै आएको छ । सुरुको चरणमा नेपालमा स्केट खेल शून्य मात्रामा थियो भने आजकाल स्केट खेल खेल्ने खेलाडीको संख्यामा पनि वृद्धि भएको छ । स्केट पनि एउटा खेल हो भन्ने धेरैको बुझाइ भएको छ । पहिला स्केट भन्नेबित्तिकै दुर्व्यसनमा लागेका मानिसले खेल्ने खेल हो भनेर चिन्ने गरिन्थ्यो भने अहिले सोचाइमा परिवर्तन आएको छ । यो पनि भलिबल, फुटबल जस्तै एउटा खेल हो भन्ने चेतनाको विकास भएको छ ।

विश्वमा खेलिने फुटबल र क्रिकेटलगायतका खेलहरूमा जस्तै स्केट खेलमा पनि नेपालका युवाहरूको पछिल्लोपटक आकर्षण बढ्दै गएको हो । खासगरी अमेरिका, अस्ट्रेलियालगायत युरोपियन देशहरूमा साहसिक खेलको रूपमा खेलिने स्केट खेलप्रति नेपालका युवाहरू पनि सक्रिय बन्दै गएका छन् । सन् १९६० तिर अमेरिकाको एक सहरमा स्केट बोर्डलाई साधनको रूपमा लिने गरेको पाइन्छ । त्यसपछि युरोपियन देश हुँदै विश्वका अन्य देशहरूमा विकास भएको पाइन्छ ।

नेपालमा स्केट खेलको इतिहास हेर्ने हो भने सुरुसुरुमा विदेशीहरू नेपाल आउँदा स्केट बोर्ड लिएर आउने र खेल्ने गरेको पाइन्छ । नेपालमा पहिले धनी परिवारका छोराछोरीले विदेशबाट ल्याएर खेल्ने गरेता पनि त्यसको व्यवस्थापन हुन सकेको थिएन । सन् २०११ मा स्केट खेलाडीहरूको एउटा समूह बन्यो । यसले यो खेललाई व्यवस्थित बनाउन कोसिस गर्‍यो । पछि सन् २०१३ मा युवा फर चेञ्जलगायत निजी क्षेत्रबाट विभिन्न संघसंस्थाले स्केट खेलको संरक्षण र प्रवर्द्धनमा काम सुरु गरेको पाइन्छ । अहिले नेपालभरि करिब एक हजार स्केट खेलाडी सक्रिय रहेका छन् ।

स्केट खेललाई प्रवर्द्धन गर्ने उद्देश्यले सरकारले २०७१ सालमा नेपाल स्केटिङ तथा स्केट बोडिङ संघसमेत गठन गरेको छ । 'युवा फर चेञ्ज' संस्थाले बुटवलमा स्केट र अन्य खेलबारे समेत जानकारी लिन सकिने इन्डोर स्केट पार्क र रिसोर्स सेन्टर निर्माण गरेको छ । स्वदेशी एवं विदेशी खेलप्रेमी, उद्योगी, व्यवसायी, शिक्षाविद्, राजनीतिकर्मी, सञ्चार तथा कलाकर्मीहरूकोसमेत सहयोग र सद्भावमा आर्थिक संकलन गरी बुद्ध जन्मस्थल पवित्र भूमि लुम्बिनीस्थित रूपन्देहीको तिलोत्तमा-४ मा 'इनडोर स्केट पार्क एवं रिसोर्स सेन्टर' निर्माण प्रारम्भ गरिएको हो । पार्कमा सबै वर्गका खेलप्रेमी युवायुवतीलाई समान अवसर सिर्जना गर्ने गरी प्रशिक्षण एवं होस्टेल र कार्यक्रम हल, पुस्तकालयसमेत निर्माण गरी निःशुल्क सेवा प्रदान गरिँदै आएको छ । स्केट पार्क फ्रान्स, जर्मनी, क्यानडा, स्पेन, जापान, भारत र नेपालका स्केट क्षेत्रमा लागेका र अन्य सहयोगी व्यक्तिहरूको सक्रियतामा निर्माण गरिएको हो ।

स्थानीय उत्पादनको प्रवर्द्धनका साथै बालबालिका र युवा वर्गलाई लक्षित गरी यसपटक स्केट जात्राको आयोजना गरिएको हो । रूपन्देहीको तिलोत्तमास्थित स्केट पार्कमा यही पुस ५ देखि ७ गतेसम्म आयोजना गरिएको जात्रामा नेपालले तीन स्वर्ण, दुई रजत र तीन कास्य पदक जितेको छ । प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश, श्रीलंका, भुटान, पाकिस्तान र माल्दिभ्सका ३०० खेलाडीको सहभागिता रहेको थियो । जात्रामा स्केटिङ प्रतियोगिताका साथै विभिन्न स्टलहरूसमेत राखिएको थियो । आगामी वर्षको छैटौं संस्करण भारतमा गरिने भएको छ । पहिलो संस्करण काठमाडौं हुँदै पाल्पा, र तेस्रो, चौथो र पाँचौं रूपन्देहीमै आयोजना गरिएको थियो ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्हारक्याल लामाले आफू विभिन्न देशमा जाने क्रममा त्यहाँ स्केट र स्केटिङको बारेमा जान्ने र बुझ्ने मौका पाएको र नेपालमा पनि त्यसको विकास गर्नुपर्नेमा जोड दिए । नयाँ संविधानको कार्यान्वयनसँगै नेपाललाई 'समृद्ध मुलुक' बनाउने भनिएको छ । समृद्ध नेपाल निर्माण हुँदै गर्दा नेपालको खेलकुद क्षेत्रको विकासलाई पनि तीव्र गतिमा अगाडि बढाउन जरुरी छ । लुम्बिनी प्रदेश खेलकुद विकास समितिका सदस्यसचिव गोविन्द भट्टराईले स्केट र स्केटिङको विकासको निम्ति स्थानीय, प्रदेश र संघ गरी तीनै तहका सरकारले उत्तिकै चासोका साथ प्रवर्द्धन र विकासमा जोड दिनुपर्ने बताए ।

सन् २०२० को जापानमा भएको ओलम्पिकमा रोलर स्केटिङले खेलको मान्यता पाएको सन्दर्भमा नेपालमा पनि स्केट खेललाई पनि फुटबल, भलिबल वा अन्य खेलहरूलाई जस्तै मान्यता दिँदै सकारात्मक सोचका साथ सरकारले त्यसको विकास र संरक्षण गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । विश्वका अन्य मुलुकहरूमा स्केट खेलको विकाससँगै खेलाडीहरू उत्साहका साथ अगाडि बढिरहेका सन्दर्भमा नेपालमा पनि अबका युवा पुस्तालाई प्रोत्साहन र हौसला दिन जरुरी छ । *रासस*

# घोडाघोडी आइपुगे आगन्तुक चरा

**इन्द्राकुमारी केसी**

**घोडाघोडी (कैलाली)**- झण्डै पाँच हजार किलोमिटरको यात्रा तय गरेर कैलालीको घोडाघोडी तालमा साइबेरियन र मंगोलियन चरा पुगिसकेका छन् । सन् २००३ अगस्टमा विश्व रामसार क्षेत्रमा सूचीकृत घोडाघोडी क्षेत्र चराको बासस्थलका लागि उपयुक्त गन्तव्य मानिन्छ ।

पर्याप्त आहारा र सन्तुलित तापक्रमका कारण प्रत्येक वर्ष यहाँ हजारौं आगन्तुक चरा आउने गरेका छन् । यस वर्ष पनि आगन्तुक चराको चिरविराहट र चहलपहलले घोडाघोडी ताल क्षेत्र थप रमणीय र मनमोहक भएको छ । सेप्टेम्बरदेखि फेब्रुअरीसम्म करिब छ महिना उत्तर ध्रुवका साइबेरिया, मंगोलिया, उत्तरी चीन, रसिया, कोरिया, जापान, युरोपलगायत क्षेत्रमा तापक्रम शून्य डिग्री सेल्सियसभन्दा न्यून रहने भएकाले तालतलैया तथा पोखरीमा बरफ जम्ने भएकाले चराहरू उचित तापक्रम र वातावरणको खोजी गर्दै यहाँ आउने चराविद् डा. हेमसागर बरालले जानकारी दिए । अत्यधिक चिसो अनुकूलन हुन नसक्दा र आहारको कमीका कारण चिसो छल्न आहारको खोजी गर्न नेपाललगायतका दक्षिण क्षेत्रतर्फ बसाइँसराइ गर्ने चराहरूको संख्या ठूलो रहेको उनको भनाइ थियो ।

'अत्यधिक चिसो भएपछि तालतलैया बरफमा परिणत हुन्छन् । चराको आहारा नोक्सान हुने भएकाले आहारको खोजीमा नेपाललगायतका दक्षिण क्षेत्र आउँछन्,' चराविद् बरालले भने, 'यहाँको मौसम यो बेला अनुकूल हुने र आहार पनि पर्याप्त पाइने भएकाले चराहरू आउँछन् ।' उनका अनुसार दशकौंदेखि कैलालीको घोडाघोडीका साथै महादेवा, लौकाहा-भौकाहा, चिरैयाँ, नकरोड, कोइलही, सोनियाँ-रुपियाँ, जम्नेह्टा, घोड्ताललगायत कर्णालीको तल्लो तटीय क्षेत्रमा विभिन्न प्रजातिका हिउँदे आगन्तुक चरा आउने गर्दछन् ।


सेप्टेम्बरको अन्तिम सातादेखि घोडाघोडी क्षेत्रमा एक हजारभन्दा बढीको संख्यामा चराहरू आउने गरेका पन्छी संरक्षण संघका सहजकर्ता हिरूलाल डंगौराले जानकारी दिए । 'यो बेला ठूलो संख्यामा विभिन्न देशबाट हजारौं किलोमिटरको यात्रा तय गरेर यहाँ चराहरू आउने गरेका छन्,' उनले भने, 'यी चरा छ महिनासम्म यहाँ बसोबास गर्छन् ।' उनका अनुसार डिसेम्बरसम्म यहाँ आइपुगेका चरा मार्चमा फेरि आएकै ठाउँतिर फर्किन्छन् ।

'संसारमा चराका नौ वटा उडान मार्ग रहेको बताइन्छ । आगन्तुक चराको नेपालमा दुई उडान मार्ग पर्दछन् । मध्य एसिया उडान मार्ग हुँदै चराहरू घोडाघोडी पुग्छन् । त्यसमा फिस्टे तथा हाँस प्रजातिका चराहरूका साथै सामुद्रिक चराहरू पर्छन् । कहिलेकाहीँ खोया हाँस पनि यहाँ देखिने गरेका छन्,' चरा संरक्षण नेटवर्क कैलालीका अध्यक्ष दयाराम चौधरीले भने । उनका अनुसार

पर्याप्त आहारा र सन्तुलित तापक्रमका कारण प्रत्येक वर्ष यहाँ हजारौं आगन्तुक चरा आउने गरेका छन् । यस वर्ष पनि आगन्तुक चराको चिरविराहट र चहलपहलले घोडाघोडी ताल क्षेत्र थप रमणीय र मनमोहक भएको छ ।

घोडाघोडीमा अहिले आगन्तुक चराका रूपमा सुनजुरे, खडखडे, मालक, बेल्चाठुडे, कालीजुरे, कैलो टाउके, सिन्दुरे, हरियो टाउकेलगायत हाँस प्रजातिका जलपन्छी आएका छन् ।

चौधरीले भने, 'साइबेरिया, मंगोलिया, उत्तरी चीनलगायतका देशबाट अहिले घोडाघोडीमा आगन्तुक चराहरू आइपुगेका छन् । जाडोयामभरि यहाँका सिमसार क्षेत्रका साना ठूला तालमा ती चराहरू रमाउँछन् । फेरि यता गर्मी बढेपछि उतै फकिन्छन् ।'



### कस्तो छ घोडाघोडी ताल ?

एक सय ३८ हेक्टर क्षेत्रफलमा फैलिएको यो ताल औंला भएको हत्केला आकारको छ । यस आसपासमा रहेका अन्य १३ वटा तालसमेत गरेर उक्त सिमसार क्षेत्रमा तालैतालले ओगटेको क्षेत्रफल २४८ हेक्टर रहेको छ ।

एउटा तालको सीमा टुंगिन नपाउँदै अर्को ताल सुरु हुने घोडाघोडी क्षेत्र तालैतालको मालाजस्तै देखिन्छ । जंगलबीच तालैतालको लस्करसहित जैविक विविधताले भरिएको यस क्षेत्र तराई र चुरे जोड्ने जैविक मार्गका रूपमा रहेको चरा संरक्षण नेटवर्क कैलालीका अध्यक्ष चौधरीले बताए ।

पूर्व-पश्चिम राजमार्गको छेउमा रहेको ताल क्षेत्र दुर्लभ चराचुरुंगीले विचरण गर्ने शान्त र सुरक्षित बासस्थान हो । विश्व जलचर इतिहासमा संकटापन्न दर्जनौं जातका रैथाने माछाका प्रजाति, पुतली तथा अन्य दुर्लभ चराचुरुंगीको संरक्षणका कारण यो ताल सन् २००३ मा विश्व रामसार सूचीमा सूचीकृत भएको उनको भनाइ थियो ।

'विश्वभरका एक हजार ३१४ रामसार क्षेत्रमध्ये केही विशेष स्थानीय प्रजातिका माछा र पुतली यस ताल क्षेत्रमा मात्र पाइन्छन् । त्यसैले पनि विश्वका संकटापन्न जलचर, स्थलचर तथा जैविक विविधताका दृष्टिले घोडाघोडी ताल महत्त्वपूर्ण छ,' पन्छी संरक्षण संघका सहजकर्ता डंगौराले भने । उनका अनुसार यहाँ ४५० प्रजातिका वनस्पति पाइन्छन् । यहाँका जंगलमा बहुमूल्य र औषधिका रूपमा प्रयोगमा आउने सतिसाल, साज, खयरलगायत वनस्पति पाइने बताइएको छ ।

रामसारको प्रावधानअनुसार विश्वका आठमध्ये दुई महत्त्वपूर्ण अन्तर्राष्ट्रिय चराहरूको सूचक यस तालमा उपलब्ध छन् । हरिहाँस, बगाले सिमकुखुरा तथा नादुन हाँसले घोडाघोडी ताल क्षेत्रमा मात्रै प्रजनन गर्ने गरेका घोडाघोडी बृहत् तथा पर्यटन विकास बोर्डका उपाध्यक्षसमेत रहेका चराविद् डिआर चौधरीले बताए । यहाँ हरिहाँस, मगर गोही र वनधान सूचक प्रजातिको रूपमा छन् । उनका अनुसार विश्वव्यापी रूपमा लोप हुँदै गएका भुडिफोड गरुण, सेतो गिद्ध, सानो खैरे गिद्ध, हाज हलाचे, राज धनेसलगायत प्रजातिका चराहरू यहाँ बसोबास गर्दछन् ।

चराहरूको महत्त्वपूर्ण बासस्थल भएकाले २८ फागुन २०७८ मा घोडाघोडी क्षेत्रलाई नेपालको पहिलो 'बर्ड सेञ्चुरी चरा अभय आरक्षण क्षेत्र' घोषणा गरिएको थियो । त्यसपश्चात् यस क्षेत्रमा पर्यटकको चहलपहल बढेको स्थानीय बताउँछन् ।

चराविद् डिआर चौधरीले भने, 'नेपालकै पहिलो बर्ड सेञ्चुरी घोषणा गरेपछि यहाँ पर्यटकको संख्या बढेको छ । सयौं प्रजातिका चराचुरुंगीका साथै विश्वकै दुर्लभ प्रजातिका अजिंगर, सालक, पानी ओत, कछुवासमेत यहाँ पाइन्छ । साथै चितुवा, रतुवा, घोलर, बँदेल, चित्तल, खरायो, बाँदर, मुसा, सुन गोहोरो, सर्प, नीलगाईलगायत जनावरले यहाँको जैविक महत्त्व विश्वव्यापी बनाएका छन् ।'

यहाँ एक हजार ६७० हेक्टरमा फैलिएको सिमसार क्षेत्रमा २४ वटा ताल छन् भने दुई हजार ५६३ हेक्टर क्षेत्रफल रामसार क्षेत्रले ओगटेको छ । ६४७ प्रजातिका बोटबिरुवा, ३१ प्रजातिका माछा, ३८० प्रजातिका चरा, ३२ प्रजातिका पुतली र ११ प्रजातिका शंखेकिरा पाइने यस ठाउँ संरक्षण तथा जैविक विविधताको क्षेत्रमा खोज गर्नेका लागि विश्वविख्यात अध्ययन केन्द्र सावित भएको चराविद् चौधरीले बताए । उनका अनुसार यहाँ ३४ प्रजातिका स्तनधारी जनावर र सात प्रजातिका घिस्रेर हिँड्ने जनावर पाइन्छन् ।

घोडाघोडी ताल छेउमा भगवान् शिवको प्रसिद्ध मन्दिर रहेकाले यस क्षेत्र धार्मिक दृष्टिकोणले समेत आस्थाको केन्द्रका रूपमा स्थापित भएको घोडाघोडी नगरपालिकाका प्रमुख खडक रावतले बताए । 'यो ताल प्रदेशको मात्रै नभई देशकै गहना हो । हामीले यहाँ देश विदेशबाट पर्यटन भित्र्याउने गरी काम गरिरहेका छौं,' उनले भने, 'अहिले गुरुयोजनाअनुसार ताल क्षेत्र व्यवस्थित गर्दै छौं । यसले पनि ताल क्षेत्र अझै मनमोहक र रमणीय देखिने छ ।' *रासस*



**जमेको खोला पार गर्दै याकचौंरी** | हिमाली जिल्ला मनाङको डिस्याङ गाउँपालिका-१ भ्राताङस्थित जमेको मर्स्याङ्दी नदी पार गरी चरन क्षेत्रमा जाँदै याकचौंरी ।

*तस्बिर: नवीन लामिछाने/रासस*

# मीनाको खुसी फर्किंदा...

**काठमाडौं-** दैलेखको दुल्लु नगरपालिका निवासी मीना महतलाई खुसीको कुनै सीमा छैन । जन्मदिएका सन्तानले संसार देख्न थालेपछि उनलाई आइलागेको दुःखको पहाड र पीरको भारी केही कम भएको छ ।

उनले खुसी हुँदै भनिन्, 'भगवान्ले दुःखमात्र होइन, सुख पनि दिन जानेका रहेछन् । मेरा छोराहरूलाई संसार देखाउने डाक्टर धन्य छन् । अब मेरा पनि सुखका दिन फर्किए ।' अहिले उनको आठ वर्षीय जेठो छोरा योगेन्द्र र चार वर्षीय छोरा प्रकाश विद्यालय जाने तयारी गर्दै छन् । मीनालाई चरम आर्थिक अभाव हुँदा छोराहरूलाई अस्पताल पुऱ्याउन त परै जाओस् बिहान-बेलुका छाक टार्न धौधौ थियो । 'बाबुहरूलाई विद्यालय पठाउन त परै जाओस् घरमा हेरचाह गर्न अर्को सहयोगी राख्नुपर्ने अवस्था थियो,' उनले भनिन्, 'छाक टार्न आफैं कृषि कर्ममा जुट्नु पर्दथ्यो । आफ्नो कमाइले छाक टार्न धौधौ पर्छ । उपचार गर्न कहाँबाट पैसा ल्याउनु । उपचार गर्ने पैसा नभएर छोराहरूलाई अस्पताल लान सकेको थिइनँ ।'

नेपाल नेत्रज्योति संघले दातृ निकाय सिबिएमको आर्थिक सहयोगमा कर्णालीमा सञ्चालित एकीकृत आँखा तथा कान स्वास्थ्य कार्यक्रमका प्राविधिकले मीनाको दुःख पत्ता लगाएका थिए । प्राविधिक सीमाकुमारी शाहीलगायतको टोलीद्वारा प्रारम्भिक चरणमा योगेन्द्र र प्रकाशको आँखा परीक्षण गर्दा जन्मजात मोतिबिन्दु भएको पत्ता लगाएका थिए । ती प्राविधिक कर्मचारीले शल्यक्रियामार्फत आँखाको दृष्टि फर्किन सक्ने जनाउँदै संघद्वारा सञ्चालित विराटनगर आँखा अस्पतालमा उपचारका लागि तत्काल जान 'रिफर' गरिदिएका थिए । मीनाले भनिन्, 'मैले मेरो दुःखका व्यथा सरहरूलाई सुनाएँ । पैसा नभएर छोराहरूलाई उपचार गर्न अस्पताल लान नसकेको कुराहरू भनेँ । उहाँले सहयोग गर्ने बताउनुभयो । छोराहरूलाई लिएर आँखा अस्पताल गएँ । चिकित्सकले जन्मजात मोतिबिन्दु भएकाले शल्यक्रिया गर्नुपर्छ भन्नुभयो ।'

अस्पतालले मीनाको आर्थिक अवस्था कमजोर रहेकाले बिरामीलाई खाने, बस्ने र उपचारका लागि लाग्ने खर्च निःशुल्क गरिदिएको थियो । उनले भनिन्, 'चिकित्सकले छोराहरूको संसार हेर्ने दृष्टि फर्काइदिनुभयो । उज्यालो संसार देख्न सफल भए ।' एक महिनाका अवधिमा दुई दाजुभाइको दुईवटै आँखाको सफलतापूर्वक शल्यक्रिया सम्पन्न भएको अस्पतालले जनाएको छ । शल्यक्रियामा चिकित्सक पवन श्रेष्ठलगायतका टोली सम्लग्न भएका थिए ।



> "भगवान्ले दुःखमात्र होइन, सुख पनि दिन जानेका रहेछन् । मेरा छोराहरूलाई संसार देखाउने डाक्टर धन्य छन् । अब मेरा पनि सुखका दिन फर्किए ।"

'परिवारमा खुसी फर्किएको छ । आफ्नो छोराहरू पनि अरू बच्चाहरू जस्तै विद्यालय जान सक्ने हुँदा मन रमाएको छ । आफ्नो दैनिक गतिविधि अन्यको सहायताविना गर्न सक्ने भएका छन्,' मीनाले भनिन्, 'मेरा बच्चाहरूलाई उज्यालो संसार देखाएर नयाँ जीवन दिन सहयोग गर्ने सबैलाई धन्यवाद छ । भगवान् मैले सोचेजस्तो निष्ठुरी पनि रैनछन् । मेरा छोराहरूलाई उज्यालो संसार देखाइदिनुहुने डाक्टर सापहरूलाई धेरै धेरै धन्यवाद ।'

विगतमा उनी छिमेकीका नानीहरू पढ्न विद्यालय गएका देख्दा, रमाएर खेल्दा भगवान्ले कुनै जन्ममा गरेको कर्मको सजाय दिएको होला भनेर चित्त बुझाउने गर्थिन् । उनी आफ्नो छोराहरू पनि अरू बच्चाजस्तै पढ्ने, लेख्ने र खेल्ने गरेको हेर्ने ठूलो चाहना राख्थिन् । घर नजिकको विद्यालयसम्म पनि जान सकेका थिएनन् ।

'कलिलै उमेरमा आफूभन्दा २६ वर्ष जेठो व्यक्तिसँग विवाह भयो । गरिबी, त्यसमाथि अमिल्दो उमेरका श्रीमान्,' उनले भनिन्, 'छोराहरू हुर्काउन, घरधन्दा, खेतबारीदेखि वस्तुभाउको स्याहारसुसार गर्नमै मेरा दिनहरू बित्दै गए । बच्चा विस्तारै हुर्किंदै गए । हुर्किंदै जाँदा रोग लागेको पत्तै भएन । श्रीमान्लाई बुढ्यौलीले पनि छुँदै गयो । श्रीमान्ले कमाउन नसकेपछि घरबार धान्नेदेखि छाक टार्नेसम्मको जोहो मेरै काँधमा आयो । उपचार गर्नभन्दा परिवार पाल्न ध्यान दिनै पऱ्यो ।'

संघका पैरवी अधिकृत कृष्ण भट्टराईले संघअन्तर्गत सञ्चालित आँखा अस्पतालले विपन्न आँखा रोगीको निःशुल्क उपचार भइराखेको जानकारी दिए । *रासस*

# चिसोबाट जोगाउन निःशुल्क दाउरा वितरण

**कञ्चनपुर-** चिसो बढेसँगै बिहानीको झिसमिसेमै कृष्णपुर नगरपालिका-४ मौवाफाँटाका ३६ वर्षीय हरेन्द्र बोहरा ट्र्याक्टरमा दाउरा बोक्दै बजार क्षेत्रमा बाँड्दै हिँडेका देखिन्छन् । उनको दाउरा बाँड्ने निरन्तरता दुई सातादेखि बढेको हो ।

उनले निःशुल्करूपमा नगरपालिका क्षेत्रका बजार क्षेत्र र गाउँका चोकचोकमा निःशुल्करूपमा दाउरा उपलब्ध गराई आगो ताप्ने व्यवस्था मिलाएका छन् । ज्याला मजदुरी गरी दैनिक गुजारा गर्ने व्यक्ति, न्यानो कपडाको जोहो मिलाउन नसक्ने व्यक्ति र बजार क्षेत्रका व्यापारीलाई चिसोबाट जोगाउन आगो ताप्ने व्यवस्था गर्नमा उनी लागेका हुन् । यो कार्य उनले तीन वर्षदेखि आफ्नै लगानीमा निरन्तररूपमा गर्दै आएका छन् ।

'आफूसँग उपलब्ध भएको दाउरा निःशुल्करूपमा वितरण गरी जाडोको समयमा ताप्ने गरी बाँड्ने गरेका छौं,' उनले भने, 'अपुग भएका क्षेत्रमा सामुदायिक वनबाट खरिद गरेर दाउरा आवश्यकताका आधारमा आफ्नै ढुवानीका साधनमा राखेर वितरण गर्छौं ।'



नगरपालिकाका-४, ५, ६ र ७ मा गरी ५०० क्विन्टल दाउरा वितरण गरिसकिएको उनले बताए । उनले चिसोबाट जोगाउन नगरपालिकाका चार वडाका ७० भन्दा बढी ठाउँमा आगो ताप्ने व्यवस्था मिलाएका छन् । चिसोका कारण कोही बिरामी नपरुन् र ज्यान गुमाउनु नपरोस् भनेर यस कार्यमा लागेको उनी बताउँछन् ।

'आगो ताप्न पाएर चिसोबाट जोगिन पाएका छौं,' स्थानीय जोगी चौधरीले भने, 'चिसोबाट जोगिनका लागि न्यानो कपडा थिएन, बोहराले उपलब्ध गराएको दाउरा बालेर आगो तापेर शरीरलाई न्यानो पार्दै आएका छौं ।' बोहरा नगरपालिका क्षेत्रकै सफल किसान हुन् । उनले व्यावसायिकरूपमा कुखुरा, बाख्रा, माछा, बंगुरपालनको कार्यसँगै केराखेती गर्दै आएका छन् । व्यावसायिक कार्य गरेर आएको केही रकम सामाजिक कार्यमा खर्च गर्न पाउँदा खुसी भएको बोहरा बताउँछन् ।

'दिनदुःखीको सेवा नै ठूलो धर्म हो,' उनी भन्छन्, 'यस कार्यले मनमा प्रसन्नता आउँछ, अझै अरु सामाजिक कार्यका लागि पनि काम गर्ने इच्छा छ, त्यो चाँडै कार्यान्वयनमा ल्याउनका लागि प्रयासरत रहेको छु ।' व्यावसायिक कार्य गरेर आएको रकमको केही हिस्सा समाज सेवाका लागि खर्च गर्न उनी अरुलाई पनि सल्लाह दिन्छन् । *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST.

पुर्व स्वीकृति मिति २०७८/११/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No. 258902 | चलानी नं. ६०१७५२८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 35 | 900 | ३२,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Event Planer | 25 | 45 | 1200 | ४२,७९५ | | | | | | | |
| 3 | Follow Up Clerk | 0 | 45 | 1200 | ४२,७९५ | | | | | | | |
| 4 | Manager | 0 | 10 | 3000 | १०६,९८५ | | | | | | | |
| 5 | Marketing Specialist | 0 | 25 | 1200 | ४२,७९५ | | | | | | | |

कम्पनी : ALWALSHIN STAR HOSPITALITY SERVICES

पुर्व स्वीकृति मिति २०७९/04/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No. 268980 | चलानी नं. ६०१८४७४४त

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 24 | 5 | 900 | ३२,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Event Planner | 15 | 15 | 1200 | ४२,७९५ | | | | | | | |
| 3 | Follow Up Clerk | 15 | 15 | 1200 | ४२,७९५ | | | | | | | |
| 4 | Manager | 5 | 5 | 3000 | १०६,९८५ | | | | | | | |
| 5 | Waiter | 22 | 6 | 1000 | ३५,६६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ६ गते (20th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOE श्रम ईजाजत नं. ४९७/०६१/०६२

Shuvam Overseas Employment Pvt. Ltd.
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YUBARAJ CONTRACTING & CLEANING WLL

पुर्व स्वीकृति मिति २०८०/०२/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No. : 287712 | चलानी नं. ६०२०३०४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1100 | ३९,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३६,२६५ | | | | | | | |
| 3 | Mason | 1 | 0 | 1100 | ३९,८९५ | | | | | | | |
| 4 | Plaster Worker | 1 | 0 | 1100 | ३९,८९५ | | | | | | | |
| 5 | Receptionist | 0 | 4 | 1100 | ३९,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ६ गते (20th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD CULTURE CO. LTD

पूर्व स्वीकृति मिति २०८०/०५/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No. 291358 | चलानी नं. ६०२०७२७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 3 | 0 | 1000 | ३५४५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ६ गते (20th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
श्रम ईजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BW SCAFFOLD INDUSTRIES SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No.294199 | चलानी नं. ६०२०९२८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ६ गते (20th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९
MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL CAPABILITIES COMPANY FOR COMMERCIAL SERVICES

पूर्व स्वीकृति मिति २०८०/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No. 294388 | चलानी नं. ६०२०९५९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 1500 | ५३,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ६ गते (20th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

# प्रभाव दैनिक

शनिबार २८, पुस २०८० (Saturday, January 13, 2024)





### नयनताराविरूद्ध एफआईआर दर्ता

दक्षिण भारतीय फिल्म उद्योगकी सुपरस्टार अभिनेत्री नयनताराविरूद्ध एफआईआर दर्ता भएको छ। फिल्म अन्नपूर्णीले धार्मिक भावनालाई ठेस पुर्याएको अनि लभ जिहादलाई बढावा दिएको आरोपमा जबलपूरमा अभिनेत्री विरूद्ध एफआईआर दर्ता भएको छ। हिन्दु सेवा परिषद्ले फिल्मका कयौं दृश्यहरू आपत्तिजनक रहेको भन्दै ओमती प्रहरी थानामा ऊजुरी दर्ता गरिएको हो। फिल्मको संवादमा भगवान श्रीरामबारे अभद्र टिप्पणी गरिएको छ। अन्नपूर्णीले लभ जिहादलाई बढावा दिइरहेको दाबी ऊजुरीमा गरिएको छ



# कानुन परिमार्जनपछि समस्या समाधान हुन्छ : मन्त्री शर्मा



■ प्रभाव संवाददाता

**काठमाडौं–** केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड) को आधिकारिक वेबसाइट सुरु भएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले शुक्रवार एक कार्यक्रमकाबिच वेबसाइटको शुभारम्भ गरिन्।

वेबसाइटमा सेन्सरसम्बन्धी विभिन्न जानकारी उपलब्ध हुनेछ। केन्द्रीय चलचित्र जाँच समितिको वेभ साइट पहिलो पटक निर्माण भएको हो। कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री शर्माले चलचित्र क्षेत्र पुरानो कानुनबाट अगाडि बढिरहेको बताउँदै त्यो परिमार्जनको काम भइरहेको जानकारी दिइन्।

'म सञ्चार मन्त्रालयमा आएको एक वर्ष भयो। चलचित्र क्षेत्र मेरो लागि नौलो पनि भयो। अहिले चलचित्र हेर्ने र कलाकार चिन्ने मात्र भए। तर यस क्षेत्रको विभिन्न समस्या राम्ररी जानकारी छैन' मन्त्री शर्माले भनिन् 'अहिले कानुन परिमार्जनको क्रममा। त्योबाट फिल्म क्षेत्रको सबै समस्या समाधान गर्न सकिन्छ।' मन्त्री शर्माले चलचित्र क्षेत्रका समस्या समाधानका लागि सबै सरोकार संस्थाहरूलाई परिमार्जन हुन लागेको कानुनका लागि आफ्नो राय सुझाव दिन आग्रह गरिन्।

राज्यका अप्ठ्यारादेखि विभिन्न अप्ठ्यारासँग जुधेर फिल्म क्षेत्रको विकासमा लाग्ने सम्पूर्ण पक्षको प्रशंसा गर्दै मन्त्री शर्माले अबको २० औं वर्षपछि पनि काम लाग्ने कानुन निर्माण अहिलेको आवश्यकता रहेको धारणा राखिन्।

'२०२६ मा निर्माण भएको फिल्म कानुनले अहिलेको आवश्यकता पुरा गर्दै भन्नेमा म सचेत छु' मन्त्री शर्माले थपिन्–'हामीले छुट्टै कानुन होस् भनेर मन्त्रालयमा एउटा प्राक्टिस गरिरहेका छौ।' शर्माले माघबाट सुरु हुने संसद्को अर्को अधिवेशनमा चलचित्र कानुन पेश गर्ने तयारी गरेको समेत जानकारी दिइन्।

केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड) ले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेलमा आयोजना गरेको केन्द्रीय चलचित्र जाँच समिति र सरोकारवाल बिचको कार्यक्रममा चलचित्र सेन्सर बोर्डका अध्यक्ष नेत्र प्रसाद सुवेदीले चलचित्र जाँचको सेरोफेरो विषयमा आफ्नो प्रस्तुति राखेका थिए।

त्यस्तै नेपालमा चलचित्र क्षेत्रको विकास र भावी कार्यदिशाको विषयमा चलचित्र विकास बोर्डका विशाल सापकोटाले प्रस्तुति राख्दा सेन्सर बोर्ड र सरोकारवालाबिचका सम्बन्धको विषयमा चलचित्र सेन्सर बोर्डका सदस्य ऋषिराज आचार्यले प्रस्तुति दिएका थिए।

कार्यक्रममा चलचित्र विकाश बोर्डका अध्यक्ष भुवन केसी, चलचित्रसँग सम्बन्धित विभिन्न संघ संस्थाका प्रतिनिधि, नीर शाह, अशोक शर्मा, दीपकराज गिरी, दयाराम दाहाल लगायत कलाकर्मीको समेत उपस्थिति रहेको छ। कार्यक्रममा विभिन्न विषयमा प्यानल डिस्कसन समेत राखिएको छ।

# 'पर्खी बसेँ तिमीलाई' र 'चित्रा' प्रदर्शनमा







■ प्रभाव संवाददाता

**काठमाडौं–** शुक्रबारदेखि दुई नेपाली चलचित्र 'पर्खी बसेँ तिमीलाई' र 'चित्रा' प्रदर्शन गरिएको छ। आउँदो माघेसङ्क्रान्तिलाई लक्ष्य गर्दै प्रदर्शन गरिएको ती दुई चलचित्र फरक विधाका छन्। ती चलचित्रमार्फत तीन नयाँ अनुहार रजतपटमा भित्रिएका छन्। चलचित्र निर्माणको सफ्या वृद्धि, बढ्दो लगानी तथा राम्रो पारिश्रमिकका कारण यस क्षेत्रमा नयाँ अनुहारको आगमन बढिरहेको हो।

दीपक श्रेष्ठले निर्देशन गरेको 'पर्खी बसेँ तिमीलाई' मार्फत अभिनेत्रीमा रक्षा बुढाथोकी र अभिनेतामा किरण श्रेष्ठले अभिनय प्रारम्भ गरेका छन्। निर्देशक श्रेष्ठले आफ्ना अघिल्ला चलचित्रमा पनि नयाँ प्रतिभालाई कुनै न कुनैरूपमा अगाडि ल्याइरहेको जानकारी दिए।

'नयाँ अनुहारलाई हामीले प्राथमिकता नदिए कसले दिन्छ? हाम्रो कर्तव्य नै प्रतिभालाई पर्दाअगाडि ल्याउनु हो। यसपटक मुख्य भूमिकामा अधिकांश नयाँ अनुहार हुनुहुन्छ', उनले भने। उनीद्वारा निर्देशित 'हिम्मत' मार्फत गायनमा दीपक लिम्बू, 'पर्खी बसेँ' मार्फत अभिनेता राजबल्लभ कोइराला र अभिनेत्री युना उप्रेतीलगायतले आफ्नो करिअर सुरुआत गरेका हुन्। युवापुस्ताको प्रेम र त्यसमा आउने उतारचढावलाई चित्रण गरिएको चलचित्रमार्फत मुख्य भूमिकामा देखिनुभएकी अभिनेत्री बुढाथोकीले आफू उत्साहित भएको बताए।

'अनुभवी निर्देशकसँग काम गर्दा मैले धेरै कुरा सिक्न पाएँ। यो अनुभव मेरा लागि आउँदो समयमा उपयोगी हुनेछ', अभिनेत्री बुढाथोकीले भनिन्, 'अभिनयमा रुचि हुनेलाई अहिले सहज भएको छ। हामीले आफ्नो सपनाबारे खुलेर घरमा भन्न सकेका छौँ। हामीजस्ता नयाँलाई अहिले सहज भएको छ।'

मण्डला नाटकघरमा सात वर्षमा तेह्र वटा नाटकमा अभिनय गर्नुभएका अभिनेता श्रेष्ठले चलचित्रमा हिरो बन्ने मौका बल्ल प्राप्त भएको बताए। 'रंगमञ्चमा गरिरहेको अभिनय र चलचित्रमा भिन्नता हुने रहेछ। मैले नयाँ अनुभव प्राप्त गरेँ। यसले आगामी समयमा नाटकमा पनि मलाई सघाउने छ', उनले भने, 'म कलात्मक र व्यावसायिक भनिने दुवै चलचित्रमा काम गर्न चाहन्छु। किनकि म हिरो मात्र नभई कलाकार बन्न चाहन्छु।'

उक्त चलचित्रमा शिव श्रेष्ठ, विल्सनविक्रम राईलगायत कलाकारले पनि अभिनय गरेका छन्।

शुक्रबार प्रदर्शनमा आएको अर्को चलचित्र 'चित्रा' मार्फत अभिनेताको रूपमा सन्तोष अधिकारीले यात्रा सुरू गरेका छन्। नेपाली चलचित्रको अन्य विधामा सक्रिय रहनुभएका उनले आफू सुहाउँदो भूमिका पाएकै कारण अभिनयमार्फत अगाडि बढेको बताए।

'मैले केही कार्यक्रम (इभेन्ट) गर्नाका साथै केही चलचित्र पनि निर्माणसमेत गरेँ। सांगीतिक श्रव्यदृश्यमा काम गरिसकेपछि मलाई चलचित्रमा प्रस्ताव आयो। सक्छु भन्ने लागेरै अभिनय गरेँ', अभिनेता अधिकारीले भने, 'यसमा मैले पिताको भूमिका निर्वाह गरेको छु। पर्दाबाहिर निर्वाह गरिरहेको दायित्वलाई पर्दाभित्र ल्याउन असहज भएन। द्वन्द्वका दृश्यमा भने मेहनत गरे।'

अभिनेता अधिकारीको प्रवेशले अभिनय यात्रा प्रारम्भ भएको निर्देशक घनश्याम लामिछानेले बताए। 'मलाई चाहिएको पिताको पात्रमा उहाँ भावनात्मक रूपमा समेत जोडिएको पाएँ। उक्त भूमिकालाई न्याय गर्ने भएकाले नै 'कास्टिङ' सम्भव भएको हो', उनले भने।

उक्त चलचित्रमा मेनुका प्रधान, शुभेच्छा खड्का, अञ्जना बराइली, अर्पण थापा, सिम्रन खड्कालगायत कलाकारले पनि अभिनय गरेका छन्।

## रंगशाला

# 'नेपालमा खेलकुदको प्रचुर सम्भावना छ'



■ प्रभाव संवाददाता

**काठमाडौं –** प्रधानमन्त्री पुष्पकमल दाहालले नेपालमा सम्भावनाका धेरै क्षेत्र भएको र त्यसमा पनि खेलकुद प्रचुर सम्भावना बोकेको क्षेत्र भएको बताएका छन्।

नेपाल बादोरियो कराते डो सङ्घद्वारा शुक्रबार आयोजित 'चौथो राष्ट्रिय बादोरियो खुला कराते प्रतियोगिता' को उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले नेपालमा भर्खरै सम्पन्न दक्षिण एसियाली कराते च्याम्पियनसिप, बंगलादेशमा सम्पन्न पाँचौं दक्षिण एसियाली कराते च्याम्पियनसिप, १९औं संस्करणको एसियाली खेलकुदलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली खेलाडीले राम्रो नतिजा निकालेको उल्लेख गर्दै खेलकुदमा राम्रो सम्भावना भएको बताए।

प्रधानमन्त्री दाहालले भने, 'नेपाल अपार सम्भावनाले भरिपूर्ण देश हो। देशको विकास र प्रगतिका निम्ति हामीसँग प्रशस्त सम्भावना छन्। त्यसमध्ये खेलकुद राम्रो सम्भावना बोकेको क्षेत्र हो। पछिल्लो दशक खेलमा नेपालले गरेको प्रगतिले पनि यो यथार्थलाई पुष्टि गर्दछ। त्यसैले मैले आफ्नो तेस्रो कार्यकालमा खेल क्षेत्रलाई सबैभन्दा बढी महत्व दिएको छु।'

## दीपेन्द्रको कप्तानीमा पुलिसको टिम घोषणा

**काठमाडौं (प्रस)–** दिपेन्द्र सिंह ऐरीको कप्तानीमा नेपाल पुलिस क्लबले प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट खेल्ने टोली घोषणा गरेको छ।

केही महिना अघि घाइते भएका दिपेन्द्रले प्रधानमन्त्री कपबाट पुनरागमन गर्ने भएका छन्। पुलिसको टोलीमा करण केसी, कुशल भुर्तेल पनि टिममा रहेका छन्। पुलिस क्लबको प्रशिक्षकको रूपमा अञ्जित श्रेष्ठ रहेका छन्। उनी पुलिसका पूर्व कप्तान पनि हुन्।

प्रधानमन्त्री कप शनिबार देखि त्रिवि मैदानमा सुरु हुँदैछ। प्रतियोगितामा सात प्रदेश र तीन विभागीय टोली रहेका छन्।

प्रतियोगिता राउन्ड रोबिनको आधारमा हुने प्रतियोगितामा शीर्ष दुई टोलीले फाइनल खेल्नेछन्।

**पुलिसको टोली :**

दिपेन्द्र सिंह ऐरि (कप्तान), कुशल भुर्तेल, करण केसी, ललित राजवंशी, आरिफ शेख, अर्जुन साउद, दिलिप नाथ, अमित श्रेष्ठ, रोशन बुढाल, सुनिल धमला,सागर ढकाल, शंकर राना, राशिद खान र ललित भण्डारी।

## वरदान र विविकालाई स्वर्ण

**काठमाडौं (प्रस)–** बागमती प्रदेशका वरदान मोक्तान र मधेश प्रदेशकी विविका श्रेष्ठले चौथो राष्ट्रिय वादोरियो कराँते प्रतियोगितामा स्वर्ण जितेका छन्।

नेपाल वादोरियो कराते डो संघद्वारा शुक्रबार आयोजित प्रतियोगिताको पुरुष ४५ केजी फाइनलमा वरदानले लुम्बिनी प्रदेशका विशन थापालाई पराजित गरे। सोही तौलसमूहको महिला फाइनलमा विविकाले बागमतीकी नेत्रकुमारी लामिछानेलाई हराइन्।

महिला ४० केजीमा बागमतीकी सुस्मिता वाइबाले लुम्बिनीकी निमा लामा तथा ५० केजीमा बागमतीकी प्रास्ना केसीले कर्णाली प्रदेशकी सुस्मिता मगरलाई पाखा लगाउदै स्वर्ण जिते। एकल काताको पुरुषमा कोशी प्रदेशका इन्द्र राजवंशी र महिलामा बागमतीकी अप्सना मगर पहिलो भए।

प्रतियोगिताको राष्ट्रिय खेलकुद परिषद् राखेपका संरक्षक प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गरेका थिए। राखेपका सदस्य-सचिव टंकलाल घिसिङले मुलपानी क्रिकेट रंगशाला, भरतपुरको गौतम बुद्ध क्रिकेट रंगशाला र मोरङको वैजनाथपुर क्रिकेट रंगशालालाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेकोमा खुशी व्यक्त गरे।

**प्रकाश दाहाल स्मृति ब्याडमिन्टन**

# प्रिन्स र रशिला उपाधि नजिक





■ प्रभाव संवाददाता

**काठमाडौं–** एपिएफका प्रिन्स दाहाल र आर्मीकी रशिला महर्जन प्रकास दाहाल स्मृती राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको उपाधि नजिक पुगेका छन्।

शुक्रबार सम्पन्न खेलमा प्रिन्सले एपिएफका देवराज रानालाई २१-१०, २१-१२ ले पराजित गर्दै उपाधिका लागि आर्मीका प्रफुल महर्जन संगको भेट पक्का गरेका हुन्। प्रफुलले पुलिस क्लबका बिष्णु कटुवाललाई २१-१५, २१-१२ ले पराजित गर्दै फाईनल भिडन्त पक्का गरेका हुन्।

यस्तै महिला तर्फको खेलमा आर्मीकी रशिला महर्जनले आफ्नै क्लबकी अमिता गिरी माथि २१-५, २१-१७ को सहज जित निकाल्दै फाईनलमा आर्मीकै अनुमाया राई संगको भेट पक्का गरेकी हुन्। अनुले कस्तुरी कलेजकी सिमा राजबंशी माथि २१-१८, २१-१४ को जित हात पारेकी हुन्।

लाखेपोखरी बौद्धस्थित स्पोर्ट्स हवको आयोजनामा भएको प्रतियोगिताका भेट्रान ३५ बर्ष माथिको खेलमा कास्कीका विशाल खड्का र आर्मीका सुरोज महर्जनको जोडीले न्यू बि.एस. का नारायण गौतम र आरिफ मलिकको जोडीलाई २१-१८, २१-१४ ले र चितवनका विद्वान गुरुंग र अमर रायमाझीको जोडीले चन्द्रागिरीका माधव ढकाल र प्रमोद महर्जनको जोडीलाई २१-११, १९-२१, २१-१४ ले पराजित गर्दै सेमिफाईनलमा स्थान बनाउन सफल भएका छन्। यसैगरि पिस फिटनेश सेन्टरका संजय कपाली र अनिल थाम्सुहांगको जोडीले आयोजक स्पोर्टस् हवका लाक्पा तेंगी तामांग र श्याम तामांगको जोडीलाई २१-१३, २१-१५ ले पराजित गर्दै सेमिफाईनल प्रवेश गरे।

पुरुष शिर्ष २० बरियता बाहेकको युगल प्रतियोगितामा कास्कीका विधान अधिकारी र पविन लिनथेपको जोडी सूर्यदर्शन युनिटीका महेश खड्का र दीपक रानको जोडीलाई २१-१६, २१-१६ को समान अन्तरले पराजित गर्दै सेमिफाईनलमा स्थान बनाउन सफल भएका छन्। यस्तै सेमिमा स्थान बनाउने क्रमा एपिएफका भोज बहादुर गुरुंग र सन्तोष पनेरुको जोडीले बालकुमारी रिमिक्सका ससिन डंगोल र सुमन शाक्यको जोडीलाई २१-१८, १९-२१, २१-१७, स्पोर्टस् हवका अभिषेक गुरुंग र निश्चल कार्कीको जोडीले धादिंगका लक्ष्मण मल्ल ठकुरी र देवीनगरका राम मल्ल ठकुरीको जोडीलाई २१-१५, २०-२२, २१-१७, नखिपोटका बिवेक कन्दंगवा र नेल्सन राईको जोडीले लाफाका मनोज फौदार र बिवेक न्यौपानेको जोडीलाई २१-१७, २१-१९ ले पराजित गरे।

पुरुष भेट्रान युगल ४५ बर्ष माथिको प्रतिस्पर्धामा पिस फिटनेश सेन्टरका संजय कपाली र अनिल थाम्सुहांग, तिलक छन्त्याल र हिरा रोका, एपिएफका धिरेन्द्र चन्द र गण्डकीका टिका थापा तथा चन्द्रागिरीका हरि खत्री र राजकुमार पोखरेलको जोडी पनि सेमिफाईनलमा स्थान पक्का गर्न सफल भएका छन्।

प्रतियोगिताको फाईनल खेल भोली शनिबार हुने र विजयी खेलाडीहरूलाई प्रमुख अतिथी सम्मानिनिय प्रधानमन्त्री पुष्पकमल दाहालले पुरस्कार वितरण गर्ने कार्यक्रम रहेको अश्मेल (अखिल) शाहीले जानकारी गराएका छन्।



दक्षिण चीनको हाइनान प्रान्तको बुभिसानस्थित चियाबगानमा चियाको पात टिप्दै पर्यटक । यहाँ यो सिजनको चिया संकलन गर्ने समय प्रारम्भ भएको छ । *तस्बिर: सिन्हवा*

# चीन र रूसबीचको व्यापारमा रेकर्ड

**बेइजिङ-** चीन र रूसबीचको व्यापार सन् २०२३ मा उच्च बिन्दुमा पुगेको बेइजिङको आधिकारिक तथ्यांकले शुक्रबार देखाएको छ । भूराजनीतिक तनावका कारण चीनको संयुक्त राज्य अमेरिकासँगको व्यापारमा चार वर्षमा पहिलोपटक गिरावट आएको छ । चीन र रूसबीचको व्यापार २४० अर्ब अमेरिकी डलरभन्दा बढी पुगेको चिनियाँ भन्सार विभागको तथ्यांकले देखाएको छ ।

सन् २०२२ मा मस्कोले युक्रेनमाथि गरेको आक्रमणपछि राजनीतिक र आर्थिक रूपमा नजिकिएका यी दुई मुलुकका लागि यो आँकडा ऐतिहासिक हो । तथ्यांकअनुसार व्यापारको आँकडाले वार्षिक रूपमा २६.३ प्रतिशतको वृद्धिलाई प्रतिनिधित्व गर्दछ ।

चीनले युक्रेन युद्धबारे मस्कोको आक्रमणको आलोचना गर्न अस्वीकार गरेको छ । चीनले आफू तटस्थ रहेको दाबी गर्दै आएको युक्रेन युद्धबारेको चिनियाँ अडानलाई लिएर बेइजिङले पश्चिमा देशहरूबाट आलोचना खेप्दै आएको छ । सन् २०१९ पछि पहिलोपटक अमेरिका र चीनबीचको व्यापारमा गिरावट आएको छ ।

सन् २०२२ को तुलनामा गत वर्ष अमेरिकासँगको व्यापार ११.६ प्रतिशतले घटेर ६६४ अर्ब अमेरिकी डलर पुगेको थियो । सामान्य



भन्सार प्रशासनका उपमन्त्री वाङ लिङ्जुनले पत्रकार सम्मेलनमा बोल्दै सन् २०२४ मा नेपालको व्यापारमा थप अवरोध आउने बताए । 'बाहृय वातावरणको जटिलता, गम्भीरता र अनिश्चितता बढ्दो छ, र हामीले कठिनाइहरू पार गर्न र विदेशी व्यापारको वृद्धिलाई थप बढावा दिन थप प्रयास गर्न आवश्यक छ,' उनले भने । सन् २०१६ पछि चीनको निर्यात ४.६ प्रतिशतले घटेको छ भने आयात ५.५ प्रतिशतले घटेको छ ।

शुक्रबार पनि घरेलु मोर्चामा निराशाजनक आर्थिक आँकडाहरू देखापरेका छन् । राष्ट्रिय तथ्यांक ब्युरो (एनबिएस) को तथ्यांकले चीनमा गिरावट डिसेम्बरमा लगातार तेस्रो महिना जारी रहेको देखाउँछ । उपभोक्ता मूल्य सूचकांक (सिपिआई) मा अघिल्लो वर्षको अन्तिम तीन महिनाको तुलनामा ०.३ प्रतिशतले कमी आएको छ ।

गत वर्षको जुलाईमा चीन सन् २०२१ पछि पहिलोपटक मुद्रास्फीतिको समस्यामा फसेको थियो तर यसमा अगस्टदेखि नै सुधार देखिएको सेप्टेम्बरदेखि नै मूल्यमा निरन्तर गिरावट आएको छ ।

ब्लुमबर्गले गरेको सर्वेक्षणमा विश्लेषकहरूले नोभेम्बरमा ०.५ प्रतिशतले घटेको मुद्रास्फीतिमा गत महिना ०.४ प्रतिशतले गिरावट आउने अनुमान गरेका थिए । अपस्फीतिले वस्तुहरू सस्ता थिए भन्ने सुझाव दिन्छ र बृहत् अर्थव्यवस्थाको लागि खतरा उत्पन्न गर्दछ किनकि उपभोक्ताहरू थप कटौतीको आशामा खरिद स्थगित गर्छन् ।

मागको कमीले कम्पनीहरूलाई उत्पादन कटौती गर्न, रोजगारी भर्ना रोक्न वा कामदारहरूलाई हटाउन बाध्य पार्न सक्छ । यसका कारण लागतहरू समान हुँदाहुँदै पनि लाभप्रदतालाई कम गर्न विद्यमान स्टकहरूमा छुट दिन पनि बाध्य हुन सक्छ ।

तुलनात्मक रूपमा हेर्दा डिसेम्बरमा अमेरिकामा मुद्रास्फीति ३.४ प्रतिशत रहेको छ । सन् २०२३ मा चीनमा मुद्रास्फीति औसतमा ०.२ प्रतिशतले बढेको छ । अन्य प्रमुख अर्थव्यवस्थाहरूको तुलनामा चीनमा फेरि एकपटक मूल्य वृद्धि भएको छ । एनबिएसका अनुसार उत्पादकको मूल्यमा २.७ प्रतिशतले गिरावट आएको छ, जुन लगातार १५औं महिना हो ।

नोभेम्बरमा तीन प्रतिशतले घटेको उत्पादक मूल्य सूचकांक (पिपिआई)ले कारखानाहरू छोड्ने सामानहरूको लागत मापन गर्दछ र अर्थव्यवस्थाको स्वास्थ्यको अन्तर्दृष्टि प्रदान गर्दछ । *रासस⁄एएफपी*

# उत्तरी गाजाको डरलाग्दो मानवीय अवस्था उजागर

**संयुक्त राष्ट्रसंघ-** संयुक्त राष्ट्रसंघका प्रवक्ताले बिहीबार उत्तरी गाजामा अस्वाभाविक रूपमा बिग्रँदै गएको मानवीय संकटलाई प्रकाश पार्दै राहत कार्यमा अवरोधहरू खडा भएको विषयलाई उजागर गरेका छन् । नियमित प्रेस ब्रिफिङमा राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसका प्रवक्ता स्टेफेन डुजारिकले 'जनवरी १-१० बीचमा खाद्यान्न, औषधि, पानी र अन्य जीवनउपयोगी सहायतामात्रै वितरण भएको जनाएका हुन् ।

उनले यस सन्दर्भमा यस्ता खालका आपूर्तिहरूले खेल्ने महत्त्वपूर्ण भूमिकालाई विशेषगरी उजागर गरेका छन् । जसमा गाजा सहरमा चिकित्सा आपूर्ति तथा गाजा सहर र उत्तरमा पानी र सरसफाइ सुविधाहरूलगायत इन्धन समावेश गरिएको छ । जसलाई इजरायली अधिकारीहरूले भने अस्वीकार गरेका थिए ।

डुजारिकले हालको अवस्थालाई अघिल्लो महिनाहरूसँग तुलना गर्दै सहायता पहुँचमा उल्लेखनीय गिरावट रहेको उल्लेख गरे । गत वर्षको डिसेम्बरको दरको तुलनामा जनवरीमा अहिलेसम्म देखिएको पहुँच दरमा उल्लेखनीय ह्रास देखिएको उनको भनाइ छ । डिसेम्बरमा ७० प्रतिशतभन्दा बढी जनवरीको सुरुमा १४ प्रतिशतको दरमा गिरावट आएको उल्लेख उनले उल्लेख गरेका छन् ।

विविध अवरोधहरूको मानवीय लागतलाई उजागर गर्दै डुजारिकले हरेक दिन उत्तरी गाजामा रहेका सयौं हजारौं मानिसहरूको ज्यान गुमाउने पीडामा मद्दत गर्न असमर्थ भएको उल्लेख गरेका छन् । यसैगरी संयुक्त राष्ट्रंघ आपत्कालीन राहत संयोजक मार्टिन ग्रिफिथ्सले गाजाको स्वास्थ्य क्षेत्रको एक सामाजिक सञ्जालको चित्रण गर्दै गाजामा स्वास्थ्य क्षेत्र बिस्तारै निसासिएको बताएका छन् ।

त्यसको भयावह नतिजाबारे उल्लेख गर्दै उनले गर्भवती आमाले सुरक्षित रूपमा बच्चा जन्माउन नसक्ने, बालबालिकालाई खोप लगाउन नसक्ने, बिरामी तथा घाइतेले उपचार नपाउने अवस्थाको कारण मानिसको मृत्यु भइरहेको बताएका छन् । युद्धका नियमहरूको बाबजुद पनि मानवीय पक्षको दृष्टिकोणबाट कार्यकर्ताहरू सहित नागरिकहरूको आवश्यक सुरक्षा गर्नु अत्यावश्क रहेको उनले बताएका छन् । *रासस⁄सिन्ह्वा*

# म्यानमारमा एक करोड ७० लाख डलरको लागुऔषध जफत

**यांगुन-** म्यानमारको नौसेनाले आफ्नो क्षेत्रीय जलक्षेत्रमा १.४५ टन मेथाम्फेटामाइन (आइसिई) बरामद गरेको छ । लागुऔषध दुरूपयोग नियन्त्रणका लागि केन्द्रीय समिति (सिसिडिएसी)ले बिहीबार सो घटनाबारे जानकारी गराएको हो ।

अनुसन्धान अधिकारीहरूले जनवरी ४ मा म्यानमारको क्षेत्रीय जलक्षेत्रमा काठको डुंगाको छानबिन गर्दा उक्त लागुपदार्थ जफत गरेका हुन् । जफत गरिएका लागुऔषधको मूल्य ३६.२५ बिलियन क्याट (१७ मिलियन अर्थात् एक करोड ७० लाख अमेरिकी डलरभन्दा बढी) रहेको बताइएको छ ।

यस मुद्दामा पाँच जना शंकास्पद व्यक्तिहरूलाई पक्राउ गरिएको छ । पक्राउ परेका पाँच अपराधीसहित सात जनालाई लागुऔषध तथा साइकोट्रोपिक पदार्थ कानुनअन्तर्गत मुद्दा चलाइएको छ । यस घटनाबारे थप अनुसन्धान भइरहेको बताइएको छ । *रासस⁄सिन्ह्वा*

# रूसले अफ्रिकालाई अनाज र मल आपूर्ति जारी राख्ने

**मस्को-** रुसले अफ्रिकालाई अन्न र मलको आपूर्ति जारी राख्ने बताएको छ । उपप्रधानमन्त्री भिक्टोरिया अब्रामचेन्कोलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले शुक्रबार यसबारे जानकारी गराएका छन् ।

'रूस विश्वव्यापी अनाज भण्डार र भरपर्दो आपूर्तिकर्ता हो । अन्न र मलको सन्दर्भमा मानवीय सहायताको पहिलो चरण अफ्रिकी देशहरूमा पठाइसकेको छ र आगामी दिनमा यसलाई जारी राखिने छ,' उनले भनेका छन् ।

संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनले भर्खरै पश्चिमी देशहरूले खाद्य, खनिज मल, रसद र भुक्तानीमा लगाएको प्रतिबन्धले विश्व भोकमरीको समस्या बढेको स्वीकार गरेको रुसका उपप्रधानमन्त्रीले बताएका छन् । गत वर्ष जुलाईमा रुस-अफ्रिका शिखर सम्मेलनमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले विश्व खाद्य कार्यक्रमको सूचीमा रहेका छ अफ्रिकी देशलाई रुसले मानवीय सहायताका रूपमा अन्न पठाउने बताएका थिए ।

कृषि अधिकारीहरूका अनुसार सोमालिया र बुर्किना फासोका लागि प्रत्येक २५ हजार टन गहुँ बोकेका दुई जहाजहरू नोभेम्बरको मध्यमा रूसबाट त्यसतर्फ प्रस्थान गरेका थिए । *रासस⁄सिन्ह्वा*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CASA HIJAU SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No. 271177 | चलानी नं. ६०१८७१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 30 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PAPILLON POWDER MANUFACTURERS SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No. 273395 | चलानी नं.६०१८९२२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 7 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BIG ONE TIMBER MOULDING (M) SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No. 284830 | चलानी नं.६०२००२३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacture Worker | 30 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ६ गते (20th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN EVEREST TRADING AND DECORATION

पूर्व स्वीकृति मिति २०८०/०३/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No.287965 | चलानी नं: ६०२०३३०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Representative | 5 | 0 | 2500 | ९०,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 35 | 10 | 2500 | ९०,५६५ | | | | | | | |
| 3 | General Clean Worker | 0 | 5 | 1100 | ३९,८५० | | | | | | | |

कम्पनी : AL KANAYA TRADING IN CERAMIC AND MARBLE

पूर्व स्वीकृति मिति २०८०/०३/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No.288015 | चलानी नं: ६०२०३३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Clean Worker | 0 | 10 | 1100 | ३९,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Business. Executive | 1 | 0 | 4000 | १४४,९०५ | | | | | | | |
| 3 | Foreman | 30 | 0 | 2500 | ९०,५६५ | | | | | | | |
| 4 | Representative | 2 | 0 | 2500 | ९०,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ६ गते (20th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

Lucky Human Resource Pvt.Ltd.
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAS AL ARAB COMANY

पूर्व स्वीकृति मिति २०८०/०९/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२७ | LT. No. :296969 | चलानी नं. ६०२१२०००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 34 | 0 | 1000 | ३५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Seagull Institute of Technical Training (SITT) Seagull Tower, Mithila Marg, Sukedhara 4, Kathmandu मा मिति: २०८० माघ ७ गते (21st Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५

All Asia Overseas Pvt.Ltd
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ११८६०० / प्रति तोला – ११८०५० / प्रति तोला – १४००



**संक्रान्तिको तयारी** | काठमाडौ कालिमाटी फलफूल तथा तरकारी बजारमा व्यापारीले बिक्रीका लागि राखेको तरुल। अहिले व्यापारीले एक ढकको ५०० रूपैयाँदेखि तरुलको जात अनुसारको थोक मूल्यमा बिक्री भएको बताएका छन्। *तस्बिरः हरिराम भेटुवाल/रासस*

## राहुघाट जलविद्युत्को 'डिसेन्डर' निर्माण सुरु

■ प्रभाव संवाददाता

**म्याग्दी–** नेपाल विद्युत् प्राधिकरणद्वारा म्याग्दीमा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको 'डिसेन्डर' (बालुवा थिग्राउने पोखरी) निर्माण सुरु भएको छ। राहुघाटको प्रवर्द्धक प्राधिकरणको शतप्रतिशत लगानीमा स्थापित रघुगंगा हाइड्रोपावर लिमिटेड हो। म्याग्दीको रघुगंगा गाउँपालिका-४ दग्नाम र वडा नं ५ झिँ को फेदीमा एक सय १९ दशमलव सात मिटर लामो, ३१ मिटर चौडाइ र १६ मिटर अग्लो डिसेन्डर बनाउन थालिएको हो।

झिँतर्फको भूगोलमा निर्माण भएको एक सय १२ मिटर लामो, एक सय १९ दशमलव सात मिटर अग्लो र पाँच मिटर फराकिलो 'अण्डर सुलुस'बाट खोला डाइभर्सन गरेर दग्नामतर्फको भूगोलमा डिसेन्डर बनाउन थालिएको आयोजना व्यवस्थापक राज विष्टले जानकारी दिए।

'अण्डर सुलुस र स्पिल वे निर्माण सकेर डिसेन्डर बनाउन सुरु भएको छ', उनले भने, '३१ मिटर लामो र १७ मिटर अग्लो बाँध निर्माण अन्तिम चरणमा पुगेको छ।' राहुघाट जलविद्युत् आयोजनाको आगामी २०२५ मार्च महिनाभित्र विद्युत् उत्पादन सुरु गर्ने कार्ययोजनासहित काम भइरहेको छ।

विसं २०७४ मङ्सिरमा रु छ अर्बमा ठेक्का सम्झौता गरेको सिभिल ठेकेदार भारतको जयप्रकाश



एसोशियटले हालसम्म ६५ प्रतिशत काम गरेको प्रवर्द्धक कम्पनी रघुगंगा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले बताए। आयोजनाको ५० प्रतिशत वित्तीय प्रगति भएको छ।

सुरुङ ९० प्रतिशत र विद्युत्गृह निर्माणको काम ५० प्रतिशतभन्दा बढी सकिएको छ। छ किलोमिटर दुई सय मिटर सुरुङमध्ये पाँच किमी छ सय मिटर सुरुङ निर्माण सकिएको छ। सुरुङबाट आउने पानीलाई रघुगंगा-३ पिप्लेदेखि तिल्केनीचौरमा निर्माणाधिन विद्युत्गृहमा खसाल्ने एक सय ९६ मिटर ठाडो सुरुङलाई 'फिनिसिङ' गर्ने काम अन्तिम चरणमा पुगेको छ।

पिप्लेमा ६१ मिटर गहिरो 'सर्च साफ्ट' निर्माण सकिएको छ। विद्युत्गृह निर्माणस्थलबाट 'भर्टिकल प्रेसर साफ्ट'सँग जोड्ने तीन सय २९ मिटर 'वटम प्रेसर साफ्ट'को सुरुङ यसअघि नै जोडिएको थियो। अडिट नम्बर ३ देखि भर्टिकल प्रेसर साफ्टसम्मको पाँच सय ४१ मिटरमध्ये चार सय ५० मिटर सुरुङ निर्माण सकिएको छ।

विद्युत्गृहको संरचना निर्माण सकेर टर्वाइनका उपकरण जडान गर्न थालिएको छ। विसं २०७६ कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२ दशमलव ३५ अमेरिकी डलरमा इलेक्ट्रोमेकानीकल ठेक्का सम्झौता गरेको भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)ले विद्युत्गृहका उपकरण जडान गर्न थालेको छ।

भारतीय आयात निर्यात (एक्जिम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र सरकारको संयुक्त लगानीमा कम्पनीको अवधारणा र इञ्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्रयाक्ट (इपिसी) प्रारूपमा राहुघाट जलविद्युत् आयोजना निर्माण भइरहेको छ।

## उद्योगमा काटिएको बिजुली जोड्ने प्राधिकरणको निर्णय

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले विगतमा डेडिकेटेड फिडर एवम् ट्रंक लाइनबाट विद्युत् उपभोग गरेका तर त्यसबापतको प्रिमियम महसुल नतिरेका ग्राहकहरूको विद्युत् आपूर्ति जोड्ने भएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बहादुर बस्नेतको अध्यक्षतामा शुक्रबार बिहान बसेको प्राधिकरण सञ्चालक समितिको ९६० औं बैठकले मन्त्रिपरिषद्को निर्णय बमोजिम काटिएको विद्युत् लाइन सुचारु गर्ने निर्णय गरेको हो।

प्राधिकरणले ५ करोड रूपैयाँभन्दा बक्यौता भएका २४ वटा उद्योगको लाइन काटेको थियो। त्यसमध्ये हिमाल स्टिलले बक्यौता किस्ताबन्दीमा तिर्न सुरु गरेपछि लाइन जडिएको थियो।




सञ्चालक समितिले नेपाल सरकारबाट गठित जाँचबुझ आयोगबाट प्रतिवेदन पेस भई सरकारबाट निर्णय नभएसम्मका लागि लाइन काटिएका उद्योगहरूको विद्युत् लाइन सुचारु गराउन प्राधिकरण व्यवस्थापनलाई निर्देशन दिएको छ।

मन्त्रिपरिषद्को मंगलबारको बैठकले प्राधिकरण र उद्योगीहरूबिचको महसुल बक्यौताको विवाद समाधानका लागि सिफारिस गर्न सर्वोच्च अदालतका पूर्व न्यायाधीश गिरीशचन्द्र लालको संयोजकत्वमा ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिव र उद्योग सचिव सदस्य रहेको जाँचबुझ आयोग अयोग गठन गरेको थियो।

बैठकले आयोगबाट सिफारिस भई नेपाल सरकारबाट निर्णय नभएसम्मका लागि विद्युत् जडान गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत प्राधिकरणलाई निर्देशन दिएको थियो।

## ३.२ प्रतिशतको आर्थिक वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनामा गार्हस्थ्य उत्पादन (जिडिपी)मा तीन दशमलव दुई प्रतिशतले वृद्धि भएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले बिहीबार सार्वजनिक गरेको त्रैमासिक तथ्याङ्कानुसार जिडिपी वृद्धिदर खुम्चिएको हो।

'आधारभूत मूल्यमा अघिल्लो आर्थिक वर्षको पहिलो तीन महिनाको तुलनामा चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा तीन दशमलव दुई प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ', तथ्याङ्क कार्यालयले भनेको छ।

उक्त कार्यालयका अनुसार चालु आवको पहिलो त्रैमासिक र गत आर्थिक वर्षको पहिलो त्रैमासिकबीच तुलना गर्दा सबैभन्दा बढी १५ दशमलव आठ प्रतिशतले खानी तथा उत्खननको कुल मूल्य अभिवृद्धि बढ्ने अनुमान गरिएको छ। यसैगरी, निर्माण क्षेत्रसँग प्रत्यक्ष आधारित हुने बालुवा, गिट्टी तथा ढुंगाको उत्खननको मूल्य अभिवृद्धि ११ दशमलव चार प्रतिशतले बढेको छ।

वित्तीय तथा बीमा क्षेत्रको कुल मूल्य अभिवृद्धिमा १३ दशमलव दुई प्रतिशतले हुने अनुमान गरिएको छ भने आवास तथा भोजन सेवा क्षेत्रमा ११ दशमलव सात प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान छ। चालु आवको पहिलो त्रैमासिक अवधिमा पर्यटक आगमनमा भएको उल्लेख्य वृद्धिले यस क्षेत्रमा सकारात्मक देखिएको छ।

अर्थतन्त्रमा सबैभन्दा बढी योगदान रहेको कृषि, वन तथा मत्स्य क्षेत्रको वृद्धिदर एक दशमलव चार प्रतिशत हुने अनुमान गरिएको छ। धान उत्पादनमा भएको वृद्धिले पनि यस क्षेत्रको वृद्धिदरमा सकारात्मक प्रभाव पारेको तथ्याङ्क कार्यालयले जनाएको छ। थोक तथा खुद्रा व्यापार क्षेत्रको कुल मूल्य अभिवृद्धिमा अघिल्लो वर्षको पहिलो त्रैमासिक अवधिको भन्दा चालु आवको पहिलो त्रैमासिक अवधिमा एक दशमलव दुई प्रतिशतले कमी हुने प्रारम्भिक अनुमान छ।

## शिवम् सिमेन्टको साधारणसभा सम्पन्न

**काठमाडौं (प्रस)–** शिवम् सिमेन्ट्स लिमिटेडले सेयरधनीलाई १५ प्रतिशत लाभांश वितरण गर्ने भएको हो।

राष्ट्रिय सभा गृहमा शुक्रबार बसेको कम्पनीको ८ औं वार्षिक साधारणसभाले आर्थिक वर्ष (आव) २०७९/८० सम्मको सञ्चित मुनाफाबाट सेयरधनीलाई १५ प्रतिशतका दरले लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो।

आव २०७९/८० सम्मको सञ्चित मुनाफाबाट सेयरधनीलाई चुक्ता पूँजी ४ अर्ब ४० करोडको १४.२५ प्रतिशतका दरले ६२ करोड ७० लाख रूपैयाँ बराबरको वोनस सेयर र ०.७५ प्रतिशतका दरले (कर प्रयोजनका लागि) ३ करोड ३० लाख रूपैयाँ नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

अत्यन्त जरुरी सूचना

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएको सम्पूर्ण विज्ञापनदाता, म्यानपावर संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरे बापतको बाँकी बक्यौता रकम यही २०८० साल पौष मसान्तभित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
काठमाडौं-७, सिफल, नेपाल
फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८

पुर्वाधार विकास कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

पुर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं।
- सडकको दायाँ-बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पति हो त्यसैले संरक्षण गरौं।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ